का.जि.प्र.का.द.नं. १००/०५२/६०
१५ कात्तिक २०८३
आइतबार
1 November 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७५। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com



महाभियोग उन्मुख रास्वपा

बिचौलिया इनम सापकोटासँगको सम्बन्ध र संवादका विवरण सार्वजनिक भएपछि रास्वपा सक्रिय छ । कानुन व्यवसायी पृष्ठभूमिका १४ सांसद महाभियोगको प्रक्रिया र प्रमाण संकलनमा लागेका छन् ।



सुनवाइ समितिको बैठक १६ गते छ। कानुन समितिको १८ गते छ। १९ गते थप छलफल गर्छौं र तिहार अगाडि महाभियोग सिफारिस समिति गठन गर्ने वा नगर्ने निर्णय दिन्छौं ।

■ **मधुकुमार चौलागाईं**
सांसद, रास्वपा

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १४ कात्तिक

सर्वोच्च अदालतका केही न्यायाधीशहरूमाथि महाभियोगको तयारी भएको छ ।

बिचौलिया इनम सापकोटासँग न्यायाधीशहरूको सम्बन्ध र संवादका विवरण सार्वजनिक भएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सक्रिय छ । कानुन व्यवसायी पृष्ठभूमिका १४ सांसद महाभियोगको प्रक्रिया र प्रमाण संकलनमा लागेका छन् ।

'सुनवाइ समितिको बैठक १६ गते छ । कानुन समितिको १८ गते छ' रास्वपा सांसद मधुकुमार चौलागाईंले राजधानीमा आयोजित एक कार्यक्रममा भने, 'संसद्को कानुन समितिबाट एउटा निर्णय निकाल्छौं । १९ गते थप छलफल गर्छौं र तिहार अगाडि महाभियोग सिफारिस समिति गठन गर्ने वा नगर्ने निर्णय दिन्छौं ।'

शनिबार बसेको रास्वपा सचिवालय बैठकले पनि बिचौलिया इनम सापकोटासँग न्यायाधीशहरूको सम्बन्ध र संवादका विवरण सार्वजनिक भएपछि पार्टीले न्यायालयमाथि उठेका प्रश्नको निरुपण संसदीय प्रक्रियाबाट गर्ने निर्णय गरेको छ ।

न्याय क्षेत्रसँग सम्बन्धित सार्वजनिक भएका विषयमा संसद्मार्फत प्रक्रिया अघि बढाउन पार्टीको संसदीय दललाई निर्देशन दिएको छ । पार्टीले न्यायालयको पुनर्संरचनाको आवश्यकतासमेत औंल्याएको छ ।

रास्वपा सांसद चौलागाईंका अनुसार कानुन व्यवसायी पृष्ठभूमिका १४ सांसद न्यायाधीशमाथि महाभियोग लगाउने वा नलगाउने र लगाए कसरी अघि बढ्ने भन्ने विषयमा छलफलमा छन् ।

'सदनमा कम्तीमा पनि अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट कानुन व्यवसायी पृष्ठभूमिबाट गएका १४ जना साथीहरू हुनुहुन्छ । १४ जना साथीहरू हामी बसेर छलफल गरिरहेका छौं,' उनले राजधानीमा आयोजित एक कार्यक्रममा भने ।

विगतमा महाभियोग प्रस्ताव राजनीतिक स्वार्थसँग जोडिँदा निष्कर्षमा पुग्न नसकेको समीक्षा गर्दै यसपटक प्रमाणका आधारमा अघि बढ्ने तयारी भइरहेको उनले बताए ।

'हामी वास्तवमा न्यायपालिका शुद्धीकरण गर्नुपर्छ। न्यायपालिका शुद्धीकरण »» पृष्ठ २ मा

विगतमा संसद् पुगेका ६ महाभियोग

२०५२ असोज १
प्रधानन्यायाधीश विश्वनाथप्रसाद उपाध्यायविरुद्ध

२०५२ असोज १
सर्वोच्च अदालतका न्यायाधीश सुरेन्द्रप्रसाद सिंहविरुद्ध

२०५२ असोज १२
प्रधानन्यायाधीश सुरेन्द्रप्रसाद सिंहविरुद्ध

२०७३ कात्तिक ३
अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्ध

२०७४ वैशाख १७
प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्ध

२०७८ फागुन १
प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध

म्याराथन भेटमा रवि

- बुधबार प्रधानमन्त्रीसँग ४ घण्टा
- बुधबार अर्थमन्त्रीसँग ३ घण्टा
- बिहीबार कानुनमन्त्रीसँग साढे ३ घण्टा
- बिहीबार सभामुखसँग आधा घण्टा
- शुक्रबार कानुन व्यवसायी पृष्ठभूमिका १४ सांसदसँग परामर्श
- शनिबार सचिवालयको बैठक



समसामयिक विषयमा सभापतिले प्रधानमन्त्री सहितका शीर्ष नेतासँग भेट गर्नु स्वाभाविक हो । समस्यालाई समाधान गर्ने नै उहाँको ध्यय छ ।

■ **जगदीश खरेल**
प्रवक्ता, रास्वपा

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १४ कात्तिक

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पछिल्लो समय नेताहरूसँग बाक्लो भेटघाटमा छन् । म्याराथन गतिमा भइरहेको उनको भेटमा न्यायलयको विषय, सरकारको कामकारबाही र जनचासोको विषय प्राथमिकताका साथ उठिरहेको छ ।

भारत भ्रमणबाट फर्किएपछि रास्वपाका सभापति लामिछानेले गत बुधबार प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)सँग चार घण्टा भेटे । बुधबार नै अर्थमन्त्री स्वर्णिम वाग्लेसँग तीन घण्टा, बिहीबार कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमसँग साढे तीन घण्टा छलफल गरे। बिहीबार सभामुख गोलप्रसाद अर्यालसँग आधा घण्टा कुराकानी गरे। शुक्रबार कानुन व्यवसायी पृष्ठभूमिका १४ सांसदसँग परामर्श लिए । शनिबार सचिवालयको बैठक राखे ।

> भारत भ्रमणबाट फर्किएपछि रास्वपाका सभापति रवि लामिछानेले पार्टीकै शीर्ष नेता र प्रभावशाली मन्त्रीहरूसँगको भेट बाक्लिएको हो । न्यायलयमा देखा परेको विवाद र सरकारको कामकारबाही समेतमा लामिछानेको मुख्य चासो छ ।

यसलाई स्वाभाविक मान्छन् रास्वपाका प्रवक्ता जगदीश खरेल । उनले मध्यान्हसँग भने, 'समसामयिक विषयमा सभापतिले प्रधानमन्त्री सहितका शीर्ष नेतासँग भेट गर्नु स्वभाविक हो । समस्यालाई समाधान गर्ने नै उहाँको ध्यय छ ।'

सरकारले पछिल्लो पटक तीनवटा विषयलाई महत्वकासाथ बहसमा ल्याएको छ ।

पहिलो प्रतिनिधि सभासको वर्षे अधिवेशन अन्त्य हुनुभन्दा एक दिन अघि संसदमा दर्ता गरिएको निजामति कर्मचारी सम्बन्धी विधेयकलाई फिर्ता लिएर अध्यादेश मार्फत ऐन संशोधन ल्याउन खोजेको छ ।

दोस्रो नेपाल प्रहरीका महानिरीक्षक (आइजीपी) दानबहादुर कार्कीलाई हटाउने र तेस्रो सर्वोच्च आदलतमा कार्यरत विवादीत न्यायाधीशलाई महाभियोग लगाउने प्रयास रहेको छ ।

न्यायाधीशको बिचौलियासँगको उठबसको विषयमा समाचार लेख्ने पत्रकारलाई सरकारले धडपकड गरेको विषयमा रास्वपाले फरक मत राखेको छ ।

पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वको सरकारको सात महिना विवादरहित बन्न नसकेपछि रास्वपाका नेताहरू सरकारप्रति असन्तुटि पोख्न थालेका छन् । सरकारले नजानिदोरूपमा प्रहरी परिचालन गरी सञ्चारमाध्यममै गएर पत्रकारलाई पक्राउ गऱ्यो । यो प्रकरणमा रास्वपाका प्रमुख सचेतक क्रान्तिशिखा धितालले विरोध गरिन् । उनले भनेकी छन, 'मिडियाका मुख थुन्न जे जस्ता गतिविधि भए ती सही र सह्य छैनन् ।' यो घटनामा रास्वपाले आधिकारीहरू रूपमा विज्ञपित्नै निकालेर विरोध गरेको थियो भने पार्टीको सचिवालय बैठक बोलाएर सरकारको ध्यानाकर्षण गरेको छ । सरकारले एक पछि अर्को गर्दै गैर कानुनी फैजदारी धडपकड गर्दै प्रति पनि रास्वपाका सांसदहरू खुसी छैनन् । सरकारी कर्मचारी अख्तियारका पदाधिकारी, पत्रकार, राजनीतिक दलका नेताहरू र व्यासायीहरूमाथिको धडपकड काकारण सरकारले तीव्र आलोचना खेप्दै आएको छ । यस सन्दर्भमा रास्वपाले आकस्मीक सचिवालय बैठकमार्फत आफु नेतृत्वको सरकारलाई आवश्यक कारबाही गर्न निर्देशन गरेको पार्टी प्रवक्त जगदीश खरेलले बताए । उनले भने, 'संविधानले »» पृष्ठ २ मा


नेपाली स्याउलाई बजारकै सकस

हिमाली जिल्लामा स्याउ उत्पादन बढे पनि किसानले उचित बजार पाउन सकेका छैनन् । ढुवानी खर्च, सडकको दुरावस्था र भण्डारण अभावले स्याउ खेर जाने गरेको छ । अर्कातिर, आयातित स्याउसँग प्रतिस्पर्धा गर्न स्थानीय उत्पादनलाई बजार र नीतिगत संरक्षणको खाँचो छ ।



आयातित स्याउको नियमित आपूर्ति र बजारमा सहज उपलब्धताका कारण स्वदेशी उत्पादनले आफ्नो बजार हिस्सा विस्तार गर्न चुनौती छ ।

■ **बिदुरप्रसाद आचार्य**
सूचना अधिकारी
कालीमाटी फलफूल विकास समिति



हिमाली जिल्लाका किसानले कठोर परिस्थितिमा उत्पादन गरेको नेपाली स्याउले बजार नपाउने, तर विदेशबाट ठुलो परिमाणमा स्याउ आयात हुने अवस्था अन्त्य गर्नुपर्छ ।

■ **ज्ञानेन्द्र शाही, *सांसद***



सपना बोहरा/मध्यान्ह
काठमाडौं, १४ कात्तिक

हिमाली जिल्लामा उत्पादन हुने नेपाली स्याउले बजार विस्तारको सम्भावना बोकेको छ । तर, ढुवानी खर्च, बजार व्यवस्थापनको अभाव र आयातित स्याउसँगको प्रतिस्पर्धाले किसानलाई चुनौती थपेको छ । उत्पादन क्षेत्रबाट उपभोक्तासम्म पुग्दा बढ्ने लागतले नेपाली स्याउको प्रतिस्पर्धात्मक क्षमता कमजोर »» पृष्ठ २ मा

मुस्ताङमा एक अर्बको स्याउ

हरेक वर्ष असोजदेखि कात्तिकसम्म स्याउ टिप्ने मौसम हो । यही समयमा जुम्ला र मुस्ताङका बगैंचा स्याउले भरिन्छन् । स्थानीय किसानका अनुसार नेपाली स्याउको स्वाद, मिठास र गुणस्तरका कारण उपभोक्ताको रुचि बढ्दै गएको छ । जुम्लाको स्याउले 'जुम्ली स्याउ'का रूपमा छुट्टै पहिचान बनाएको छ। »» पृष्ठ २ मा



विराटनगरको कमब्याक

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा विराटनगर किंग्सले कमब्याक गरेको छ। प्रतियोगितामा लगतार दुई खेलमा पराजय भोगेको विराटनगरले शनिबार सुदूरपश्चिम रोयल्सलाई ३५ रनले पराजित गर्दै पहिलो जित हात पाऱ्यो । निरन्तरको वर्षाका कारण खेल प्रभावित हुँदा ओभर छोट्याएर ५ ओभर खेलाइएको थियो ।

विस्तृत समाचार पृष्ठ ५ मा

वैदेशिक रोजगार विशेष

सिन्डिकेटविरुद्धको लडाइँमा साथ दिन संघ अध्यक्षको आह्वान

मध्यान्ह संवाददाता
काठमाडौं, १४ कात्तिक



नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले वैदेशिक रोजगार क्षेत्रका संस्थाहरूको साझा मञ्च बनाउनुपर्ने बताएका छन् । नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघको १०औं साधारणसभाको उद्घाटनका अवसरमा उनले उक्त धारणा राखेका हुन् ।

उनले आफू संघको प्रथम उपाध्यक्ष रहेको बेलादेखि नै सरोकारवालाहरूको साझा मञ्चको आवश्यकतामा जोड दिँदै आएको भए पनि हालसम्म त्यसका लागि पहल हुन नसकेको बताए ।

उक्त मञ्चमा संघ, महासंघ, स्वास्थ्य व्यवसायी, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल र नागरिक समाजका प्रतिनिधि समावेश हुनुपर्ने उनको भनाइ थियो ।

वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित तथा मर्यादित बनाउन अभिमुखीकरण व्यवसायीको भूमिका महत्वपूर्ण हुने भन्दै अध्यक्ष खत्रीले अभिमुखीकरण व्यवसायीबीच एकता अनिवार्य रहेको बताए । संघ वैदेशिक रोजगारमा जाने श्रमिकको सुरक्षाका लागि सबै क्षेत्रमा सिन्डिकेटरहित अवस्थाको सुनिश्चितता गर्न »» पृष्ठ २ मा

अभिमुखीकरण महासंघको अध्यक्षमा गड्तौला निर्वाचित



काठमाडौं/मस– नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघको अध्यक्षमा विष्णु गोपाल गड्तौला निर्वाचित भएका छन् । शनिबार भएको महासंघको १०औं साधारणसभापछिको निर्वाचनमा प्रेम बास्तोलालाई पराजित गर्दै गड्तौला अध्यक्षमा निर्वाचित भएका हुन् । »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

नेपालमै ग्लोबल युनिकर्न कम्पनी बनाउन नीतिगत सुधार गरिने: प्रधानमन्त्री

काठमाडौं/मस– प्रधानमन्त्री वालेन्द्र शाहले नेपालमा गेम डेभलपमेन्ट तथा सूचना प्रविधि (आईटी) उद्योगलाई प्रोत्साहन गर्दै नेपाली कम्पनीलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउने बताएका छन्।

नेपाली कम्पनीलाई अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्दै ग्लोबल युनिकर्न कम्पनीका रूपमा विकास गर्न आवश्यक नीतिगत सुधार र सहज वातावरण निर्माण गरिने उनले बताएका हुन्।

सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै प्रधानमन्त्री शाहले यसका लागि आवश्यक नियम तथा विद्यमान वातावरण पुनरावलोकन गरिने उल्लेख गरेका छन्।



उनले नेपालमै गेमिङ एप निर्माण गरेर विश्वभर पहिचान बनाउन सफल कम्पनीहरू रहेको बताएका छन्। उनका अनुसार विश्वभर चर्चित लुडो गेम करिब २० करोड पटक र कलब्रेक गेम १५ करोडभन्दा बढी पटक डाउनलोड भएका छन्। यी गेम नेपालीले नै निर्माण गरेका हुन्। अहिले पनि सयौं युवा गेम एप निर्माणमा सक्रिय रहेको उनले बताएका छन्।

‘हामीले उहाँहरूलाई बोलाएर समस्याहरू पनि बुझ्यौं र यो गेम डेभलपमेन्ट क्षेत्रलाई सजिलो बनाउन र उद्योगका रूपमा अघि बढाउने विषयमा पनि छलफल गर्‍यौं र अब उहाँहरूको समस्या समाधान गर्ने गृहकार्य अघि बढाइएको छ’, प्रधानमन्त्री शाहले उल्लेख गरेका छन्।

आईटीसम्बन्धी उत्पादन र निर्यातको अवस्था सकारात्मक रहेको उल्लेख गर्दै उनले करमा सहजता, नीतिगत सुधार तथा अन्तर्राष्ट्रिय आम्दानीसम्बन्धी नियमलाई थप सहज बनाइने बताएका छन्। नेपाली कम्पनीले सहज रूपमा आम्दानी गर्न र त्यसलाई पुनःलगानी गर्न सक्ने वातावरण बनाउने सरकारको लक्ष्य रहेको उनको भनाइ छ।

त्यस्तै, गेम जाम, स्टार्टअप इभेन्ट, ह्याकाथोन तथा सूचना प्रविधिसम्बन्धी कार्यक्रम सञ्चालन गरिने उनले बताएका छन्। सूचना प्रविधि क्षेत्र, नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयसँग नियमित अन्तरक्रिया गर्दै समग्र आईटी उत्पादन तथा गेमिङ उद्योगलाई लाभ पुग्ने गरी आवश्यक इकोसिस्टममा लगानी गर्ने सरकारको योजना रहेको प्रधानमन्त्री शाहले उल्लेख गरेका छन्।

आठ हजार मिटर अग्ला थप ६ हिमाललाई छुट्टै सूचीकृत गराउन नेपालको पहल

काठमाडौं/मस– सरकारले विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमालको अन्तर्राष्ट्रिय सूचीमा नेपालका थप छ हिमाललाई छुट्टै हिमालका रूपमा सूचीकृत गराउन पहल अघि बढाएको छ।

विश्व पर्वतारोहण तथा आरोहण महासंघ (यूआईएए) को सन् २०२६ को साधारणसभाका अवसरमा नेपाल सरकारले नेपाल पर्वतारोहण संघमार्फत उक्त प्रस्ताव अघि सारेको हो।

प्रस्तावले अन्तर्राष्ट्रिय मान्यता पाएमा विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमालको संख्या १४ बाट बढेर २० पुग्नेछ। त्यस्तै, नेपालमा मात्रै आठ हजार मिटरभन्दा अग्ला हिमालको संख्या १४ पुग्नेछ।

नेपालले छुट्टै हिमालका रूपमा अन्तर्राष्ट्रिय मान्यता दिलाउन प्रस्ताव गरेका छ हिमालमा



यालुङ काङ (८,५०५ मिटर), कञ्चनजङ्घा दक्षिण (८,४७६ मिटर), कञ्चनजङ्घा मध्य (८,४७३ मिटर), ल्होत्से मध्य (८,४१० मिटर), ल्होत्से शार (८,४०० मिटर) र यालुङ काङ पश्चिम (८,०७७ मिटर) रहेका छन्।

काठमाडौंमा सुरु भएको महासंघको साधारणसभामा विश्वका विभिन्न देशका पर्वतारोहण महासंघका प्रतिनिधि, विज्ञ तथा सरोकारवालाहरू सहभागी छन्।

यी हिमालले अन्तर्राष्ट्रिय मान्यता पाए नेपालको हिमाली पहिचान थप विस्तार हुनुका साथै विश्व पर्वतारोहणको नक्सामा नेपालको उपस्थिति थप सुदृढ हुने सरकारले विश्वास लिएको छ।

यसले नयाँ पर्वतारोहण गन्तव्यको पहिचान, आरोहण गतिविधिको विस्तार तथा साहसिक पर्यटन प्रवर्द्धनमा समेत योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। नेपालले सन् १९८२ र २०११ पछि तेस्रोपटक विश्व पर्वतारोहण तथा आरोहण महासंघको साधारणसभा आयोजना गरेको हो।

व्यवसायी तामाङलाई पितृशोक

काठमाडौं/मस– वैदेशिक रोजगार व्यवसायी पवन तामाङलाई पितृशोक परेको छ। काठमाडौंको सामाखुसीस्थित गाइडलाइन रिक्रुटमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक तथा प्रवन्ध निर्देशक तामाङका पिता विनोद तामाङको शनिबार



अपराह्न निधन भएको हो। केही समयदेखि क्यान्सर रोगबाट पीडित स्व. तामाङको झापाको काँकडभिट्टास्थित निजी निवासमा ६७ वर्षको उमेरमा निधन भएको हो। स्व.तामाङको आइतबार अन्त्येष्टि गरिने पारिवारिक स्रोतले जानकारी दिएको छ। स्व.तामाङका श्रीमती, १ छोरी र २ छोरा रहेका छन्।

महाभियोग...

गर्ने गरेर महाभियोग लगाउनको लागि पहिला सबै प्रमाणहरूलाई यथोचित रूपमा हेरौं, मूल्यांकन गरौं र समिति गठन गरौं भन्ने लाइनमा हामी छौं,’ चौलागाईंले भने। उनका अनुसार सार्वजनिक भएका विवरणको अध्ययन गर्ने, आवश्यक प्रमाण संकलन गर्ने र त्यसपछि छानबिन तथा महाभियोग सिफारिस समितिमार्फत प्रक्रिया अघि बढाउने विषयमा सांसदहरू छलफलमा छन्।

यही बेला रास्वपाले न्यायाधीशमाथि तत्काल महाभियोग सिफारिस समिति गठन गरेर अघि बढ्नेभन्दा पहिले संसदीय समितिमार्फत सार्वजनिक भएका विवरणको अध्ययन गर्ने तयारी गरेको हो। प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठक आगामी मंगलबारका लागि बोलाइएको छ। उक्त बैठकमा सर्वोच्च अदालतका विवादित न्यायाधीशबारे छलफल हुने सांसद चौलागाईंले जानकारी दिएका छन्।

‘हामीले तत्काल कानुन समितिको मिटिङ कल गरेका छौं। कानुन समितिमार्फत अहिले अनुसन्धानको घेरामा जे-जे चिजहरू आएका छन्, ती चिजहरूलाई हेर्ने। त्यसको अध्ययनपछि मात्रै यसलाई अगाडि बढाएर लिएर जाने हो,’ उनले भनेका छन्। अहिले नै महाभियोग सिफारिस समिति गठन गरेर प्रक्रिया अघि बढाउने पक्षमा आफूहरू नरहेको उनको भनाइ छ। अनुसन्धानका क्रममा रहेका विवरण सार्वजनिक हुनुको कारणबारे पनि उनले प्रश्न उठाएका छन्।

रास्वपा प्रवक्ता जगदीश खरेलले भने न्यायालयको पुनर्संरचनाका लागि संवैधानिक बाटो संसद् नै भएको बताएका छन्। महाभियोग लगाउने वा अन्य संसदीय प्रक्रिया अपनाउने भन्ने विषय प्रक्रियामा गएपछि स्पष्ट हुने उनको भनाइ छ।

विवादास्पद बिचौलिया इनम सापकोटाको मोबाइल तथा विद्युतीय उपकरणबाट सर्वोच्च अदालतका न्यायाधीश र उच्चपदस्थ अधिकारीहरूसँगको संवाद तथा कारोबारसम्बन्धी विवरण सार्वजनिक भएपछि न्यायालयमाथि प्रश्न उठेको हो। प्रकाशित गरेका विवरणअनुसार सापकोटा र सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयालबीच सर्वोच्चमा विचाराधीन मुद्दाबारे ह्वाट्सएप संवाद भएको विवरण सार्वजनिक भएको छ।

सापकोटाले रोहित गुप्तासम्बन्धी मुद्दामा प्रधानमन्त्रीको चासो रहेको भन्दै आदेश प्रभावित पार्न खोजेको आशयका सन्देश पठाएको विवरणमा उल्लेख छ।

न्यायाधीश फुयालले सापकोटासँग भेट भएको स्वीकार गर्दै आफूले कुनै सेटिङ नगरेको र मुद्दा प्रभावित नपारेको जिकिर गरेका छन्। उनले सापकोटाले आफूलाई प्रधानमन्त्री बालेन शाहको मानिसका रूपमा चिनाएको र मुद्दामा दबाब दिन खोजेको दाबी गरेका छन्। शंका बढेपछि आफूले सम्बन्धित निकायलाई जानकारी दिएको पनि उनको भनाइ छ। यसैगरी, प्रधानन्यायाधीश मनोजकुमार शर्माको नाममा रकम जम्मा गरेको भनिएको विवरणसमेत सार्वजनिक भएको छ।

सापकोटाको मोबाइलबाट प्राप्त विवरणमा प्रधानन्यायाधीश शर्मा र अन्य उच्चपदस्थ व्यक्तिहरूको नाम जोडिएको छ। तर, सार्वजनिक भएका विवरणका आधारमा मात्रै सम्बन्धित व्यक्तिहरूको दोष प्रमाणित भएको मान्न मिल्दैन। यस प्रकरणमा सर्वोच्च अदालतका सात न्यायाधीशले सापकोटासँग सामूहिक भेट गरेको विवरणसमेत सार्वजनिक भएको छ। घटनाले न्यायिक आचरण, अदालतको निष्पक्षता र न्यायपालिकाको विश्वसनीयतामाथि बहस सिर्जना गरेको छ। नेपालको संविधानको धारा १०१ को उपधारा २ अनुसार संविधान वा कानुनको गम्भीर उल्लंघन, खराब आचरण, कार्यक्षमताको अभाव वा पदीय कर्तव्य इमानदारीपूर्वक पालना नगरेको आधारमा प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशविरुद्ध महाभियोग प्रस्ताव दर्ता गर्न सकिन्छ।

त्यसका लागि प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा एक चौथाइले प्रस्ताव पेस गर्नुपर्ने व्यवस्था छ। प्रस्ताव पारित हुन प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाइ बहुमत आवश्यक पर्छ। महाभियोगको आधार र कारणबारे छानबिन गरी सिफारिस गर्न प्रतिनिधिसभामा महाभियोग सिफारिस समिति रहने संवैधानिक व्यवस्था छ।

विगतमा पनि प्रधानन्यायाधीश तथा संवैधानिक पदाधिकारीविरुद्ध महाभियोग प्रस्ताव दर्ता भएका थिए। तर, ती प्रक्रियाले अपेक्षित निष्कर्ष हासिल गर्न नसकेको भन्दै रास्वपाका सांसदहरूले यसपटक प्रमाण र प्रक्रियालाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन्।

प्रश्न उठेका न्यायाधीशमाथि महाभियोगको प्रक्रिया अघि बढाउने तयारी भए पनि कुन न्यायाधीशविरुद्ध प्रस्ताव दर्ता गर्ने र त्यसको औपचारिक प्रक्रिया कहिले सुरु गर्ने भन्ने विषयमा अन्तिम निर्णय सार्वजनिक भइसकेको छैन। रास्वपाले अब संसदीय समितिमा हुने छलफल र प्रमाणको अध्ययनपछि थप कदम चाल्ने संकेत दिएको छ।

संसद् सचिवालयका अनुसार विगतमा बिभिन्न ६ वटा महाभियोग संसद् पुगेर पनि निष्कर्षमा पुग्न सकेका थिएनन्।

२०५२ सालमा तत्कालीन प्रधानन्यायाधीश विश्वनाथप्रसाद उपाध्याय र न्यायाधीश सुरेन्द्रप्रसाद सिंहविरुद्ध प्रस्ताव दर्ता भए पनि तत्कालीन सभामुखले अस्वीकार गरे। सोही वर्ष प्रधानन्यायाधीश बनेका सिंहविरुद्ध फेरि महाभियोग प्रस्ताव दर्ता भयो, तर प्रस्तावकले फिर्ता लिए। २०७३ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीविरुद्ध महाभियोग प्रस्ताव दर्ता भयो। सर्वोच्च अदालतको फैसलाबाट उनी पदमुक्त भएपछि प्रस्ताव निष्क्रिय भयो। २०७४ सालमा तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्ध महाभियोग प्रस्ताव दर्ता गरियो। सर्वोच्च अदालतको अन्तरिम आदेशपछि प्रस्ताव फिर्ता लिइयो। २०७८ सालमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध महाभियोग प्रस्ताव दर्ता भयो। छानबिनका लागि सिफारिस समिति गठन भयो, बयान लिइयो र प्रतिवेदनसमेत तयार भयो। तर संसद्बाट अन्तिम निर्णय हुन सकेन। संसद्को कार्यकाल समाप्त भयो र महाभियोगको प्रक्रिया निष्कर्षमा नपुगी रोकियो। जबरा त्यसपछि सर्वोच्च अदालतमा फर्किएनन् र उनको कार्यकाल पनि समाप्त भयो।

यी घटनाले महाभियोगको संवैधानिक व्यवस्था आफैंमा पर्याप्त नहुने देखाएको भन्दै रास्पाले यसपटक प्रमाण जुटाएर अगाडि बढ्ने नीति लिने बताएको छ।

म्याराथन...

दिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति रास्वपा कुनै संझौता गर्दैन भन्ने निश्कर्ष निकालेको छ। पत्रकारमाथि धडपकट, सोधपुछ र पक्राउ जो बाट भयो यो गलत भयो भन्ने विषयमा रास्वपा स्पष्ट छ र यस विषयमा रास्वपाले सरकारलाई स्पष्टरूप निर्देशन दिएको छ।’

पछिल्लो पटक सरकार र रास्वपाबीच दरारको स्थिती छ। मतदातालाई भरोशा दिदलाएर आएको दुईतिहाईको सरकारले नागरिकको अपेक्षाअनुसार काम गर्न नसकेको रास्वपाका सांसदहरूले नै टिप्पणी गर्दै आएका छन्। जनविश्वास जित्नेगरी काम गर्नुपर्ने सरकारले विभिन्न विवादीत अभिव्यक्तिमा अल्मलिएर ७ महिना बिताएको भन्दै पार्टीभित्र आन्तरिक असन्तुष्टि चुलिदै गएको छ। ‘रास्वपाका वरिष्ठ नेता समेत रहेका शाहले नेतृत्व गरेको सरकारका करिव सात महिना रास्वपाका लागि सन्तोषजनक छैनन्,’ रास्वपाका एक नेताले मध्यान्हसँग भाने, ‘हामीले जनतामाझ जादा जुन नारा लिएर गएका थियौं, अहिले सरकारको कार्यशैलीका कारण जनतामाझ जाँदा विश्वासघात गरेको आरोप लगाउन थालेका छन्।’ तर पार्टीका शीर्ष नेताहरू सरकारलाई लिक छाड्न नदिने प्रयासमा रहेको उनको भनाई छ।

सरकार न्यायालयका विकृति हटाउन अदालतको पुर्नसंरचना गर्ने देखि प्रहरी प्रमुख हटाउने र अध्यादेश मार्फत ऐनहरू संशोधन गरेर जान चाहान्छ। यी विषयमा पछिल्लो पटक रास्वपा पार्टी र सरकारबीच सन्तुलन मिलेको छैन्। दुई तिहाईको सरकारले संसद बन्द गरेर अध्यादेशमार्फत देश चलाउन खोजेको चौतर्फि टिप्पणी हुन थालेपछि रास्वपाले सरकारलाई उक्त बाटोमा जानबाट रोक्ने खोजेको छ। पछिल्लो पटक देखिएका नयाँ विचौलीया इनम सापकोटासँग उच्च तहको साठगाँठ देखिएको विषयले सरकार पुरानै सत्ताभन्दा फरक नरहेको सन्देश गएको छ। यी सबै विष्यलाई मिलाएर सरकारलाई पार्टीको वाचार जनताका मुल एजेण्डाभित्रै रहेर अघि बढाउने प्रयत्नका लागि सभापति लामिछानेले म्याराथन दौडमा तीब्रता दिएका हुन्।

दसैं लगत्तै तीन दिने व्यक्तिगत तथा धार्मिक भ्रमणका क्रममा भारका विभिन्न मठ मन्दीर पुगेर स्वदेश फर्किएका रास्वपा सभापति रवि लामिछानेले पार्टी भित्रको आन्तरिक भेट घाट र संवादलाई तीब्रता दिए। बुधबार बिहान प्रधानमन्त्रीसँग ४ घण्टा लामो संवाद गरे। उनलाई भेट्न बूढानिलकण्ठ स्थित रवि निवासमा पुगेका प्रधानमन्त्री शाहसँग समसायिक विषयमा छलफल गरेको लामिछानेको सचिवालयले जनाएको छ। उनले न्यायालयमा विकसित घटनाक्रम, संसद्मा दर्ता भएको निजामति विधेयक फिर्ता लिएर अध्यादेश ल्याउने तयारी र प्रहरी प्रमुख फेर्ने लगायत विषयमा संवाद गरेको रास्वपा श्रोतको दावी छ। यी विषमा लामिछाने संसदबाटै समाधान खोज्ने प्रयत्नमा छन्। तर प्रधानमन्त्री शाहको सचिवालयले यीनै विषयलाई तत्काल गर्नुपर्ने कामको सूचीमा समावेश गरेको प्रधामन्त्री कार्यालयका एक अधिकारीले बताए।

प्रधानमन्त्रीसँगको भेटलगत्तै सभापति लामिछानेले उपसभापति एवं अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग ३ घण्टा संवाद गरे। नियमित भेटघाटको क्रममा नागरिक र सरकार जोड्ने योजनाका विषयमा छलफल भएको वाग्लेको सचिवालयले जनाएको छ। त्यस्तै सभापति लामिछानेले बिहीबार उपसभापति एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमसँग कुराकानी गरेका थिए। गौतमसँग लामिछानेले साढे तीन घण्टा कुराकानी गरे। सरकारले केही अध्यादेश ल्याउन तयारी गरेको र त्यसको प्रभावका साथै कानुनी पक्षबारे समेत छलफल भएको बताइएको छ। सरकारले अध्यादेश ल्याएर परिवर्तन गर्ने नीतिका सम्बन्धमा अदालतमा मुद्दा परेर रोकिन सक्ने सम्भावना के कति रहन्छ भन्ने सन्दर्भमा सभापतिले चासो राखेका थिए। बिहीबार नै सभापति लामिछानेले सभामुख डोलप्रसाद अर्यालसँग समेत कुराकानी गर्न भ्याए। अर्यालकै कार्यकक्ष सिंहदरबामा भेट्न पुगेका लामिछानेले करिव आधा घण्टामा संसदमा पुगेका विधेयकका बारेमा छलफल गरेको सभामुखको सचिवालयले जनाएको छ।

विवादित व्यक्ति इनम सापकोटासँग न्यायाधीसको संवादले राजनीतिक घटनाक्रम तरंगित भइरहेको बेलामा सभापति लामिछानेले शुक्रबार कानुनी पृष्ठभूमिका रास्वपा सांसदहरूसँग छलफल गरेका थिए। सभापतिसँग कानुनी पृष्ठभूमिका सांसदहरूसँग छलफल भएको रास्वपा सांसद मोहनलाल आचार्यले जानकारी दिए। लामिछानेले उक्त छलफलमा विवादमा परेको न्यायाधीशका बारेमा कसरी अघि बढ्न उपयुक्त हुन्छ भनि सांसदहरूको दृष्टिकोण बुझेका थिए। ‘न्यायापालिकाको स्वतन्त्रता, स्वायत्तता गम्भीर खालकै विषयहरू हो। न्यायापालिका भित्रैबाट अनइथिकल कुराहरू आए। यो गम्भीर विषयलाई कसरी सम्बोधन गर्ने ? यस बारेका अन्य कानुन व्यवसायीसँग पनि छलफल गर्ने र पार्टी सचिवालय छलफल गर्नुपर्ने हाम्रो सुझाव दिएका थियौं,’ आचार्यले भने। सांसदहरूकै सल्लाह अनुसार शनिबार सभापति लामिछानेले सचिवालय बैठक बोलाएर आवश्यक निर्णय गराएका छन्।

पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा बसेको सचिवालय बैठकले न्याय क्षेत्रको समग्र पुनर्संरचनाका लागि संसदबाटै निरूपण गर्ने निर्णय गरेको पार्टी प्रवक्ता जगदीश खरेलले बताए। न्याय क्षेत्रको समग्र पुनर्संरचनाका लागि संसदीय दललाई आवश्यक निर्देशन दिइसकिएको भन्दै खरेलले भने, ‘शक्ति पृथकीकरणको सिद्धान्त अनुसार अदालत र सरकारबाट मात्र नभई संवैधानिक बाटो संसद भएकाले संसदबाटै न्याय निरूपण र पुनर्संरचना गर्ने निर्णय भएको छ।’ महाभियोगबारे सोधिएको प्रश्नमा उनले प्रक्रिया संसदीय दलमार्फत संसदमा प्रवेश गरेपछि मात्रै त्यसको टुंगो लाग्ने बताएका छन्।

सरकारले प्रारम्भमै पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई प्रकृया नपुयाई हतारमा गरेको पक्राउ र विना कारबाही छाड्नु परेको अवस्थाले सरकारको कच्चापन देखिएको सुरक्षाविज्ञहरू बताउँछन्। त्यसतयता सरकारले थुप्रै व्यक्तिहरू पक्राउ गर्‍यो। तर कुनैमाथि बलियो अनुसन्धान र कारबाही भएन्। बिहीबार मात्रै प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले सिंचाई विभागका डिजी र दिनेश रजौरिया र सुनकोसी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका निर्देशक कृष्णप्रसाद रिजाललाई प्रहरी लगाएर गैरकानुनी नियन्त्रणमा लिएको घटनाले नयाँ तरंग ल्याइदियो। त्यस लगत्तै शुक्रबार साँझ मिडियाको समाचारकक्षमै गएर पहरीले पत्रकार पक्राउ गर्ने र गर्न खोज्ने कार्यप्रति स्वष्म रास्वपाले विरोध गरेको छ। सरकार यस्तो संवेदनशील विषयमा थाहा नपाएको भन्दै पन्छिन खोज्नुले थप आशंका जन्मएको सरोकारवालाहरूले टिप्पणी गरेका छन्।

नेपाली...

बनाएको छ। मुस्ताङ, जुम्ला, मुगु, डोल्पा र मनाङलगायत जिल्लामा स्याउ खेती हुँदै आएको छ। हिमाली क्षेत्रको हावापानी स्याउ उत्पादनका लागि उपयुक्त मानिन्छ। पछिल्लो समय स्याउ खेतीप्रति किसानको आकर्षण बढे पनि उत्पादनलाई व्यवस्थित बजारसँग जोड्न कठिन छ।

बूढीगण्डकीको बाढीले पुल र सडक बगाएपछि उत्तरी गोरखाको मनास्लु क्षेत्रमा उत्पादित स्याउ गोदाममै थन्किएका छन्। ढुवानीको विकल्प नहुँदा किसान र व्यवसायीले स्याउ बजारसम्म पुर्‍याउन सकेका छैनन्। यस क्षेत्रमा स्याउ ढुवानीको समस्या हरेक वर्ष दोहोरिने गरेको छ। तर, यस वर्ष बाढीले समस्या थप चर्काएको छ।नाम्रुङ र आसपासका क्षेत्रमा उत्पादित स्याउ खच्चडमार्फत बजारसम्म पुर्‍याउन करिब एक साता लाग्छ। यस क्रममा २० देखि २५ प्रतिशत स्याउ खेर जाने गरेको छ। गत भदौ १० गते भोटेकोशी र असोज २५ गते बूढीगण्डकीमा आएको बाढीले दर्जनौं पुल तथा सडक बगाएपछि स्याउ ढुवानी झनै कठिन भएको छ।

नेपाली स्याउको समस्या उत्पादनमा मात्र सीमित छैन। दुर्गम भूगोल, सडकको कठिनाइ, महँगो ढुवानी र भण्डारण सुविधाको अभावले किसान प्रभावित छन्। उचित शीतभण्डार नहुँदा स्याउ लामो समय सुरक्षित राख्न कठिन हुन्छ। त्यसैले किसानले उत्पादन बिक्री गर्न हतारिनुपर्ने अवस्था छ। अर्कोतर्फ, भारतलगायत देशबाट आयात हुने स्याउसँग प्रतिस्पर्धा गर्नुपर्ने चुनौती पनि छ। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका सूचना अधिकारी विदुरप्रसाद आचार्यका अनुसार आयातित स्याउको नियमित आपूर्ति र बजारमा सहज उपलब्धताका कारण स्वदेशी उत्पादनले बजार विस्तार गर्न चुनौती सामना गरिरहेको छ। ‘उपभोक्ताले मूल्य, आकार, देखावट र टिकाउपनका आधारमा स्याउ छनोट गर्ने भएकाले नेपाली उत्पादनको गुणस्तर र बजारीकरणमा समेत ध्यान दिन सकिरहेको छैन,’ उनले भने। उत्पादन लागत घटाउन, गुणस्तर सुधार गर्न र किसानले उचित मूल्य पाउने व्यवस्था मिलाउन सके नेपाली स्याउको बजार विस्तार हुन सक्ने उनको भनाइ छ। त्यसका लागि उत्पादन क्षेत्रमै भण्डारण सुविधा, व्यवस्थित संकलन केन्द्र, सडक पूर्वाधार र बजारसँग प्रत्यक्ष सम्पर्क आवश्यक छ।

हिमाली तथा पहाडी जिल्लाका किसानको आम्दानीको महत्त्वपूर्ण स्रोत बन्दै गएको स्याउ अहिले सहरी बजारमा पनि चिनिन थालेको छ। जुम्ला, मुस्ताङ, डोल्पा, हुम्ला, कालिकोट र मनाङमा व्यावसायिक स्याउ खेती विस्तार हुँदै गएको छ।

आयात रोक्न संसद्मै आवाज

स्वदेशी स्याउलाई प्राथमिकता दिनुपर्ने माग संसद्मा पनि उठेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक तथा सांसद ज्ञानेन्द्र शाहीले नेपाली स्याउ बजारमा आउने समयमा भारत र चीनबाट हुने आयात नियन्त्रण गर्न सरकारसँग माग गरेका छन्। हिमाली जिल्लाका किसानले कठिन परिस्थितिमा उत्पादन गरेको स्याउले बजार नपाउने तर विदेशबाट ठूलो परिमाणमा आयात हुने अवस्था अन्त्य गर्नुपर्ने उनको भनाइ छ।

आर्थिक वर्ष २०८१/८२ मा नेपालले १० अर्ब ५५ करोड ७५ लाख रुपैयाँ बराबरको स्याउ आयात गरेको तथ्य संसद्मा प्रस्तुत गर्दै शाहीले चालु आर्थिक वर्ष २०८२/८३ को साउनमा मात्रै एक अर्ब पाँच करोड ४४ लाख रुपैयाँ बराबरको स्याउ आयात भएको बताएका थिए। ‘यसलाई नियन्त्रण गर्नुपर्छ, नेपाली स्याउलाई प्राथमिकतामा राख्नुपर्छ,’ उनले भनेका थिए। शाहीका अनुसार जुम्लामा करिब ३८ हजार ४८६ हेक्टर खेतीयोग्य जमिन भए पनि हाल चार हजार ४९७ हेक्टर अर्थात् ११.७ प्रतिशत जमिनमा मात्रै स्याउ खेती भइरहेको छ। सम्भावित क्षेत्रमा खेती विस्तार गर्न सके देशको आवश्यकताको ठूलो हिस्सा स्वदेशमै उत्पादन गर्न सकिने उनको भनाइ छ। ‘सरकार, जुम्लाका किसानमा एक अर्ब रुपैयाँ लगानी गर्नुहोस्, जुम्ली किसानले देशलाई नौ अर्बको प्रतिफल दिने क्षमता राख्छन्,’ शाहीले भने।

मुस्ताङमा...

मुस्ताङको मार्फा क्षेत्र स्याउबाट बन्ने जुस, वाइन, ब्रान्डी र सुकेको स्याउका लागि पनि चर्चित छ।

स्याउ खेतीले हिमाली क्षेत्रका हजारौं परिवारलाई रोजगारी र आम्दानी दिएको छ। परम्परागत खेती तथा पशुपालनमा निर्भर किसानका लागि यो नगदेबाली आम्दानीको महत्वपूर्ण स्रोत बनेको छ। धेरै परिवारले स्याउबाट हुने आम्दानीले बालबालिकाको शिक्षा र घरखर्च धान्दै आएका छन्।

मुस्ताङमा यस वर्ष एक अर्ब १४ करोड ९६ लाख रुपैयाँ बराबरको स्याउ उत्पादन भएको प्रारम्भिक अनुमान छ। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका सूचना अधिकारी आचार्यका अनुसार जुम्लाको तुलनामा मुस्ताङको स्याउले बजारमा बढी पहुँच बनाएको छ।

‘मुस्ताङको स्याउको माग धेरै छ, भारत र चीनको स्याउसँगको प्रतिस्पर्धामा छ,’ उनले भने, ‘अन्य स्याउको आकार र स्वादका आधारमा कम माग हुने गरेको छ।’

कृषि तथा पशु विकास कार्यालय मुस्ताङका प्रमुख डा. लालमणि अर्यालका अनुसार यस वर्ष मुस्ताङमा उच्च घनत्व प्रविधिमा आधारित हाइब्रिड स्याउ २३ करोड छ लाख रुपैयाँ र परम्परागत स्थानीय स्याउ ९१ करोड ९० लाख ९१ हजार रुपैयाँ बराबरको उत्पादन भएको छ।

जिल्लामा यस वर्ष हाइब्रिड र स्थानीय जातका गरी सात हजार ३८.५४ मेट्रिक टन स्याउ उत्पादन भएको छ। त्यसमध्ये हाइब्रिड स्याउ ९५९.६२ मेट्रिक टन र स्थानीय परम्परागत स्याउ छ हजार ७८.९२ मेट्रिक टन रहेको छ।

डा. अर्यालका अनुसार कृषि प्राविधिकहरूले स्याउ बगैँचामा पुगेर क्रप कटिङ विधिबाट औसत उत्पादन मापन गरेका थिए। उत्पादनको परिमाण अनुमान गर्न सम्बन्धित स्थानीय तहका कृषि प्राविधिक र किसानसँग पनि समन्वय गरिएको उनले बताए।

मुस्ताङमा उत्पादित स्याउमध्ये ९४ करोड ८० लाख ९२ हजार रुपैयाँ बराबरको जिल्लाबाहिर निकासी हुने अनुमान छ। त्यस्तै, १७ करोड ५६ लाख रुपैयाँभन्दा बढीको स्याउ जिल्लाभित्रै खपत भएको जनाइएको छ। जिल्लामा हाइब्रिड स्याउको मूल्य प्रतिकिलो २४० रुपैयाँ र स्थानीय परम्परागत स्याउको मूल्य प्रतिकिलो १५१ रुपैयाँ निर्धारण गरिएको छ।

गत वर्ष मुस्ताङमा छ हजार ६८४.३० मेट्रिक टन स्याउ उत्पादन भएको थियो। यस वर्ष उत्पादन ३५४.२४ मेट्रिक टन अर्थात् ५.२९ प्रतिशत बढेको डा. अर्यालले बताए। जिल्लामा ९१७ हेक्टर क्षेत्रफलमा स्याउ बगैँचा विस्तार भएको छ। त्यसमध्ये हाइब्रिड स्याउको क्षेत्रफल ७६ हेक्टर र स्थानीय परम्परागत स्याउको क्षेत्रफल ८४१ हेक्टर छ।

सिन्डिकेटविरुद्धको ...

लडिरहेको उल्लेख गर्दै उनले त्यस कार्यमा वैदेशिक रोजगार क्षेत्रका सरोकारवालाहरूको एकता र समर्थन आवश्यक रहेको बताए।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका प्रतिनिधि अशोक रानाले बदलिँदो अवस्थामा सूचना र जनचेतनाको कमीले विदेशमा नेपाली श्रमिकहरूको अकालमा मृत्यु हुने, अंगभंग हुने तथा दीर्घरोगी हुने संख्यामा वृद्धि भएको बताए। उनले अभिमुखीकरण व्यवसायीलाई तालिमका कार्यक्रम प्रभावकारी बनाउन सुझाव दिए।

महासंघका निवर्तमान अध्यक्ष राजाराम गौतमले आफ्नो सात वर्षको नेतृत्व अवधिमा अभिमुखीकरण तालिमका कार्यक्रममा सुधारका धेरै कार्यक्रम अघि बढाएको बताए। कतिपय अवस्थामा व्यवसायीबीच एकता र सहकार्यको अभावमा व्यवसायीमैत्री नीतिहरू अघि बढाउन सफल नभएको समेत उनले उल्लेख गरे।

महासंघका तदर्थ कार्यसमिति संयोजक तुनकाजी पौडेलको सभापतित्वमा सम्पन्न साधारणसभाको उद्धाटन कार्यक्रममा बाबुराम खड्काले स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रम सञ्चालन गरेका पूर्वअध्यक्ष पूर्णबहादुर मल्लले महासंघको यसअघिको नेतृत्व एकपक्षीय भएको कारण व्यवसायीको लागत बढ्ने, तर प्रतिफल प्राप्त नहुने अवस्था रहेको बताए। उनले सहमतिका आधारमा व्यवसायीमैत्री नेतृत्व चयन गर्नुपर्नेमा जोड दिए।

अभिमुखीकरण...

कार्यसमितिको अन्य पद भने निर्विरोध भएको छ। कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा प्रकाश कार्की, उपाध्यक्षमा ऋषि भट्टराई, महासचिवमा जयप्रकाश यादव, सचिवमा चन्द्रकुमार सुदाम, सचिवमा समीक्षा पाण्डे, कोषाध्यक्षमा टेकबहादुर भुजेल र सहकोषाध्यक्षमा ज्योति श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन्। महासंघको कार्यसमिति सदस्यमा जगदीश काफ्ले, रेनुका पाण्डे, नवीनचन्द्र भण्डारी, नारायण पोखरेल, बुद्ध कार्की, प्रविन तिमिल्सेना, डिल्लीराज शर्मा, दीपक रेग्मी र भुना केसी निर्वाचित भएका छन्।

महासंघको अध्ययक्षका लागि विष्णु गोपाल गड्तौला र प्रेम बास्तोलाबीच प्रतिस्पर्धा भएको थियो। यो समाचार तयार पार्दासम्म भने मतगणना जारी रहेको थियो।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६०/१०/१४ मा दर्ता भएको **दर्ता नं. २६९०८** को **अनन्त दीप कन्स्ट्रक्सन कम्पनी प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७९४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/१७ मा दर्ता भएको **दर्ता नं. १७७४३५** को **युरोप नेपाल होलिडे प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७९४

नेपाललाई 'मेडिकल हब' बनाउने तयारी

चिकित्सा पर्यटन प्रवर्धन गर्न कार्यदल गठन गरिने

काठमाडौं/मस-सरकारले नेपाललाई क्षेत्रीय चिकित्सा सेवा केन्द्र (मेडिकल हब) का रूपमा विकास गर्ने उद्देश्यसहित चिकित्सा सेवा पर्यटन प्रवर्धनका लागि कार्यदल गठन गर्ने निर्णय गरेको छ। विदेशी नागरिकलाई नेपालमै गुणस्तरीय तथा सुलभ उपचार सेवा उपलब्ध गराउने वातावरण निर्माण गर्न सरकारले नीतिगत र संस्थागत सुधारको प्रक्रिया अघि बढाउन लागेको हो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार बसेको बैठकले चिकित्सा सेवा पर्यटनको विकास र प्रवर्द्धनका लागि कार्यदल गठन गरी आवश्यक काम शीघ्र अघि बढाउने निर्णय गरेको हो।



प्रधानमन्त्री वालेन्द्र शाहका स्वास्थ्य सल्लाहकार जगदीशप्रसाद अग्रवालको अध्यक्षतामा बसेको बैठकमा सम्बन्धित मन्त्रालयका सचिवहरू तथा निजी अस्पतालका सञ्चालक र प्रतिनिधिहरू सहभागी थिए।

बैठकमा नेपालमा उपचारका लागि आउने विदेशी बिरामीलाई लक्षित गरी चिकित्सा सेवा पर्यटनको व्यवस्थित विकास गर्ने विषयमा छलफल भएको थियो। त्यसका लागि आवश्यक नियामक संरचना तयार गर्ने, अस्पतालको सेवा गुणस्तर सुनिश्चित गर्ने र बिरामी सुरक्षासम्बन्धी मापदण्ड निर्धारण गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ।

त्यस्तै, उपचारका लागि नेपाल आउने विदेशी नागरिक तथा उनीहरूका सहयोगीलाई सहज प्रवेश र बसोबासको व्यवस्था मिलाउन मेडिकल भिसासम्बन्धी प्रबन्ध गर्ने विषयमा पनि छलफल भएको थियो।

सरकारले चिकित्सा सेवा पर्यटनलाई विदेशी मुद्रा आर्जनको सम्भावित क्षेत्रका रूपमा अघि बढाउन खोजेको छ। यसबाट विदेशी बिरामीलाई आकर्षित गर्नुका साथै स्वदेशमै विशेषज्ञ उपचार सेवाको उपलब्धता र गुणस्तर सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

नेपालभित्रै गुणस्तरीय उपचार सेवा विस्तार भए नेपाली नागरिकले विशेषज्ञ उपचारका लागि विदेश जानुपर्ने बाध्यता कम गर्न सकिने सरकारको विश्वास छ।

चिकित्सा सेवा पर्यटनको विकासका लागि अस्पतालको सेवा क्षमता, गुणस्तर नियमन, बिरामी सुरक्षा र विदेशी नागरिकलाई उपलब्ध गराइने सेवासम्बन्धी व्यवस्थालाई एकीकृत रूपमा अघि बढाउने विषयमा बैठक केन्द्रित रहेको थियो।

यद्यपि, प्रस्तावित कार्यदलको सदस्य संरचना, कार्यादेश र काम सम्पन्न गर्ने समयसीमाबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन। मेडिकल भिसा र अस्पतालको गुणस्तरसम्बन्धी प्रस्तावित व्यवस्थाले पनि थप नीतिगत तथा प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्नेछ।

सरकारले आवश्यक नीतिगत र संस्थागत सुधारमार्फत नेपाललाई विदेशी बिरामीका लागि विश्वसनीय चिकित्सा सेवा गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य अघि सारेको छ।

मधेशका आठै जिल्लामा सुरक्षित आवास कार्यक्रम विस्तार गर्न माग

काठमाडौं/मस-मधेश प्रदेशका आर्थिक रूपमा कमजोर तथा विपन्न परिवारलाई सुरक्षित आवासको पहुँचमा ल्याउन प्रदेशका आठवटै जिल्लामा आवास कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। सुरक्षित आवासलाई विपद् जोखिम न्यूनीकरणसँग जोड्दै सरकारी निकाय, वित्तीय संस्था र विकास साझेदारबीच समन्वय बढाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।



ह्याबिट्याट फर ह्युम्यानिटी नेपाले जर्सी ओभरसिज एड (जेओए) को आर्थिक सहयोगमा सञ्चालित होम्स नेपाल परियोजनाअन्तर्गत जनकपुरधाममा आयोजना गरेको कार्यशालामा सहभागीहरूले आवास निर्माणमा मात्र सीमित नभई त्यसका लागि आवश्यक वित्तीय सेवामा समेत विपन्न समुदायको पहुँच सुनिश्चित गर्नुपर्ने बताएका हुन्।

'वित्तीय समावेशीकरण र सुरक्षित आवासका लागि प्रणाली सुदृढीकरण : चुनौती र अवसरहरू' विषयक कार्यशालामा सुरक्षित आवास निर्माण, आवास वित्त, लघु बीमा तथा वित्तीय र डिजिटल साक्षरताका विषयमा छलफल भएको थियो।

कार्यक्रममा मधेश प्रदेशसभा सदस्य सुरिताकुमारी साहले सुरक्षित आवास नागरिकको आधारभूत आवश्यकता भएकाले यसलाई विपद् जोखिम न्यूनीकरणको योजनासँग जोड्नुपर्ने बताइन्। आर्थिक अवस्था कमजोर भएका परिवारलाई सुरक्षित घर निर्माणमा सहयोग पुऱ्याउन प्रदेश सरकार, स्थानीय तह र सम्बन्धित संस्थाबीच प्रभावकारी सहकार्य आवश्यक रहेको उनको भनाइ थियो।

उनले सुरक्षित आवाससम्बन्धी कार्यक्रम सीमित क्षेत्रमा मात्र केन्द्रित नगरी मधेशका आठवटै जिल्लाका लक्षित समुदायसम्म विस्तार गर्नुपर्नेमा जोड दिइन्।

मधेश प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले विपन्न समुदायको आवासमा पहुँच बढाउन सञ्चालित कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने बताए। उनले प्रदेशमा सञ्चालन भइरहेका आवाससम्बन्धी कार्यक्रमको प्रभावकारिता बढाउने विषयमा जोड दिएका थिए।

कार्यशालामा सुरक्षित आवास निर्माणका लागि आवश्यक पुँजीको व्यवस्था, वित्तीय संस्थामार्फत उपलब्ध हुन सक्ने सेवा, आवाससम्बन्धी लघु बीमा तथा डिजिटल वित्तीय सेवामा समुदायको पहुँच विस्तार गर्ने सम्भावनाबारे छलफल गरिएको थियो।

सहभागीहरूले सुरक्षित आवासको उपलब्धतालाई निर्माण कार्यसँग मात्र नजोडी वित्तीय पहुँच, जोखिम व्यवस्थापन र स्थानीय तहको संस्थागत क्षमतासँग समेत सम्बन्धित गरेर अघि बढाउनुपर्ने धारणा राखेका थिए। त्यसका लागि नीतिगत व्यवस्था सुदृढ गर्ने, तीनै तहका सरकारबीच समन्वय बढाउने तथा वित्तीय सेवा प्रदायक र विकास साझेदार संस्थाको भूमिकालाई प्रभावकारी बनाउने विषयमा पनि छलफल भएको थियो।

कार्यक्रममा स्थानीय तह, प्रदेशस्तरीय सरकारी निकाय, राष्ट्रिय नियामक संस्था, वित्तीय सेवा प्रदायक तथा विकास साझेदार संस्थाका प्रतिनिधिहरू सहभागी थिए।

कार्यशालामा उठेका विषयले विपन्न परिवारका लागि सुरक्षित आवासको पहुँच विस्तार गर्न भौतिक निर्माणसँगै वित्तीय स्रोत, बीमा र संस्थागत समन्वयलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याएका छन्।

बारामा अस्पताल उद्घाटन विवाद उग्र प्रहरीको गोली लागेर एक युवक घाइते

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १४ कात्तिक

बाराको फेटा गाउँपालिकामा नवनिर्मित अस्पताल उद्घाटन गर्ने विषयलाई लिएर उत्पन्न विवादले उग्र रूप लिँदा स्थानीयवासी र प्रहरीबीच झडप भएको छ।

झडपका क्रममा प्रहरीको गोली लागेर एक युवक गम्भीर घाइते भएका छन् भने आक्रोशित प्रदर्शनकारीहरूले नौवटा मोटरसाइकलमा आगजनी गर्नुका साथै अस्पताल भवनमा तोडफोड गरेका छन्। यस हिंस्रक घटनापछि अहिले फेटा क्षेत्रको सुरक्षा व्यवस्था अत्यन्त संवेदनशील बनाइएको छ र तनावग्रस्त बनेको छ।

फेटा गाउँपालिकाले शनिबार नवनिर्मित अस्पताल भवनको उद्घाटनका लागि विशेष कार्यक्रमको आयोजना गरेको थियो।

तर अस्पताल भवन निर्माण भए पनि त्यहाँ आवश्यक पर्ने आधारभूत भौतिक पूर्वाधार नियमित विद्युत् आपूर्ति, अत्याधुनिक स्वास्थ्य उपकरण तथा पर्याप्त चिकित्सक र स्वास्थ्यकर्मीको व्यवस्था नगरिएको भन्दै स्थानीयवासीले सुरुदेखि नै असन्तुष्टि जनाउँदै आएका थिए।

जनताको स्वास्थ्य जस्तो संवेदनशील विषयमा विना तयारी हतारमा उद्घाटन मात्र गर्न खोजिएको स्थानीयको आरोप थियो। अस्पताल पूर्ण रूपमा तयार गरी नियमित स्वास्थ्य सेवा सुचारु गर्न सक्ने वातावरण बनाएपछि मात्र



उद्घाटन गरिनुपर्ने उनीहरूको माग रहँदै आएको छ।

स्थानीय बासिन्दाले उठाएका जायज मागहरूलाई बेवास्ता गर्दै गाउँपालिका अध्यक्ष रुस्तम अन्सारीले जबर्जस्ती उद्घाटन कार्यक्रम अगाडि बढाउन खोजेपछि विरोध प्रदर्शन तीव्र बनेको हो।

गाउँपालिकाको कार्यक्रमस्थल वरपर विरोध प्रदर्शन चर्किँदै गएपछि स्थिति नियन्त्रण बाहिर जान थालेको थियो।

परिस्थिति तनावपूर्ण बनेपछि इलाका प्रहरी कार्यालय गण्डकका प्रमुख प्रहरी निरीक्षक सुमन लामाको नेतृत्वमा खटिएको सुरक्षा टोलीले स्थिति नियन्त्रणमा लिने प्रयास गरेको थियो।

सोही क्रममा प्रहरी र प्रदर्शनकारीबीच भएको झडपले हिंसात्मक रूप लियो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले चलाएको गोली लागेर फेटा गाउँपालिका वडा नम्बर-३ निवासी धर्मेन्द्र पासवानका करिब १८ वर्षीय छोरा आदित पासवान गम्भीर घाइते भएका छन्।

उनको पेटमा गोली लागेको प्रारम्भिक जानकारी प्राप्त भएको छ। घाइते युवकलाई तत्कालै उपचारका लागि वीरगन्जतर्फ लगिएको छ भने उनको स्वास्थ्य अवस्था बारे थप विवरण आउन बाँकी छ। झडपका दौरान आक्रोशित प्रदर्शनकारीहरूले गाउँपालिकाको कार्यक्रममा सहभागी हुन आएका व्यक्तिका तथा अन्य गरी नौवटा मोटरसाइकलमा आगजनी गरी पूर्ण रूपमा क्षति पुऱ्याएका छन्।

यसका साथै नवनिर्मित अस्पताल भवनमा समेत ढुंगामुढा प्रहार गरी तोडफोड गरिएको छ। आगजनी र तोडफोडबाट भएको कुल आर्थिक क्षतिको यकिन विवरण संकलन भइरहेको छ।

घटनास्थलमा गोली कसको आदेशमा र कुन परिस्थितिमा चल्यो भन्नेबारे स्थानीय प्रशासन र प्रहरीले आधिकारिक रूपमा प्रस्ट पार्न बाँकी छ।

स्वास्थ्य सेवा जस्तो अति संवेदनशील क्षेत्रसँग जोडिएको संस्थामा पूर्वाधार सुनिश्चित नगरी राजनीतिक दबाबमा उद्घाटन गर्न खोज्दा यस्तो अप्रिय घटना घटेको स्थानीयको गुनासो छ।

गाउँपालिका नेतृत्वले जनताका जायज माग र प्रश्नहरूको उचित सम्बोधन नगरेका कारण नै सामान्य विवादले ठूलो द्वन्द्वको रूप लिन पुगेको बुद्धिजीवीहरूको ठहर छ। घटना पश्चात् फेटा गाउँपालिकामा सम्भावित थप झडप तथा तनावलाई रोक्न बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ।

क्षेत्रको सुरक्षा अवस्थालाई कडा पारिएको छ भने घटनाको वास्तविक सत्यतथ्य गोली प्रहारको परिस्थिति र समग्र क्षतिको विवरण जिल्ला प्रशासन कार्यालय तथा प्रहरी कार्यालयबाट सार्वजनिक हुने प्रतीक्षा गरिएको छ।

कर्मचारीको सकुशल उद्धार

फेटा स्वास्थ्य चौकीमा भएको घटनापछि मुख्य भवनभित्र थुनिएका इन्स्पेक्टरसहित करिब ३८ जना सरकारी कर्मचारीलाई सकुशल उद्धार गरिएको छ। जिल्ला प्रशासन कार्यालय बाराका अनुसार झन्डै दुई घण्टासम्म स्वास्थ्य चौकीको मुख्य भवनभित्र घेरिएका कर्मचारीलाई सुरक्षित रूपमा बाहिर निकालिएको हो। बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीका अनुसार बिहान घटना भएपछि स्वास्थ्य चौकीको मुख्य भवनमा रहेका इन्स्पेक्टरसहित निजामती कर्मचारीहरू तनावपूर्ण अवस्थाका कारण बाहिर निस्कन सकेका थिएनन्। शनिबार बिहान फेटा गाउँपालिका-३ मा आधारभूत अस्पताल उद्घाटन गर्ने क्रममा गाउँपालिका अध्यक्ष रुस्तम अन्सारी र उनको विपक्षी समूहबीच विवाद भएको थियो।

पाडीबाच्छी हुर्काउन किसानलाई प्रतिगोटा १० हजारसम्म प्रोत्साहन

काठमाडौं/मस-कास्कीमा कृत्रिम गर्भाधानबाट जन्मिएका पाडी तथा बाच्छी हुर्काउने किसानलाई प्रतिगोटा १० हजार रुपैयाँसम्म प्रोत्साहन रकम उपलब्ध गराइने भएको छ। स्थानीयस्तरमै गाईभैंसीको उत्पादन बढाउने र बाहिरी जिल्लाबाट पशु आयात घटाउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको हो।

भेटेरिनरी अस्पताल तथा पशुसेवा कार्यालय कास्कीले यसका लागि किसानसँग आवेदन माग गरेको छ। यस वर्ष अन्नपूर्ण गाउँपालिकाका सबै वडामा कार्यक्रम सञ्चालन हुने कार्यालय प्रमुख डा. गिष्म न्यौपानेले जानकारी दिए।

कार्यक्रमअन्तर्गत एक वर्ष उमेर पुगेका कृत्रिम गर्भाधानबाट



जन्मिएका पाडी तथा बाच्छीलाई प्रतिगोटा अधिकतम १० हजार रुपैयाँ उपलब्ध गराइनेछ। एक जना किसानले बढीमा पाँच वटासम्म पाडीबाच्छीका लागि आवेदन दिन सक्नेछन्। यसअनुसार एक किसानले अधिकतम ५० हजार रुपैयाँसम्म अनुदान पाउनेछन्।

कार्यक्रमका लागि ३५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। उक्त बजेटबाट ३४५ वटा पाडी तथा बाच्छीलाई प्रोत्साहन रकम उपलब्ध गराउने लक्ष्य राखिएको कार्यालयले जनाएको छ।

आरोपित न्यायाधीशमाथि निष्पक्ष छानबिन गर्न सामाजिक जागरण अभियानको माग

काठमाडौं/मस-सामाजिक जागरण अभियान नेपालले न्यायपालिकासँग सम्बन्धित विभिन्न विवाद र आरोपबारे निष्पक्ष तथा स्वतन्त्र छानबिन गर्न माग गरेको छ। छानबिनबाट सँवैधानिक तथा कानुनी आधार र पर्याप्त प्रमाण पुष्टि भए आरोपित न्यायाधीशमाथि महाअभियोगलगायत आवश्यक प्रक्रिया अघि बढाउन पनि अभियानले सरकार र संसद्को ध्यानाकर्षण गराएको छ।

अभियानका संयोजक डा. राजन केसीले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै पछिल्लो समय न्यायाधीश तथा न्यायपालिकासँग सम्बन्धित व्यक्तिहरूमाथि सार्वजनिक भएका विवाद, आरोप र प्रश्नले न्यायालयको निष्पक्षता, पारदर्शिता तथा संस्थागत विश्वसनीयतामाथि गम्भीर चिन्ता उत्पन्न गरेको बताएका छन्।

विज्ञप्तिमा न्यायालयभित्र बिचौलियाको प्रभाव, सम्भावित आर्थिक चलखेल तथा मुद्दाको फैसला र न्यायिक प्रक्रियामा अनुचित हस्तक्षेप भएको हुन सक्ने आशंकालाई सामान्य रूपमा लिन नहुने उल्लेख गरिएको छ। यस्ता विषयको सत्यतथ्य पत्ता लगाउनु राज्यको दायित्व भएको अभियानको भनाइ छ। न्यायपालिका कुनै व्यक्ति वा पदाधिकारीको निजी प्रतिष्ठा जोगाउने संस्था नभई आम नागरिकको न्याय प्राप्तिको अन्तिम भरोसाको केन्द्र भएको उल्लेख गर्दै अभियानले आरोपित पदाधिकारीमाथि निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गर्न माग गरेको छ।

अभियानले न्यायपालिकासँग सम्बन्धित सार्वजनिक भएका सबै गम्भीर आरोपको छानबिन गर्न, न्यायिक प्रक्रियामा बिचौलिया तथा आर्थिक चलखेलको सञ्जाल पहिचान गरी कानुनी कारबाही गर्न र प्रमाण पुगेका न्यायाधीशमाथि महाअभियोगको प्रक्रिया अघि बढाउन माग गरेको छ। त्यस्तै, न्यायिक नियुक्ति, पेसी व्यवस्थापन र फैसला प्रक्रियालाई पारदर्शी, जवाफदेही तथा नागरिकमैत्री बनाउन र न्यायपालिकाप्रतिको जनविश्वास पुनःस्थापित गर्न आवश्यक संस्थागत सुधार गर्न पनि अभियानले आग्रह गरेको छ। 'न्यायाधीश कानुनभन्दा माथि छैनन्। महाअभियोग प्रतिशोधको हतियार होइन, संवैधानिक जवाफदेहिताको माध्यम हो,' विज्ञप्तिमा भनिएको छ। न्यायालयको सम्मान आरोप लुकाएर नभई सत्यको निष्पक्ष छानबिन र दोषीमाथि कानुनी कारबाही गरेर जोगिने अभियानको धारणा छ। न्याय खोज्न जाने अदालतप्रति नै नागरिकको विश्वास गुमे न्यायको आशा कहाँ गर्ने भन्ने प्रश्नसमेत अभियानले उठाएको छ।

न्यायपालिकाको स्वतन्त्रता, शुद्धता र जनविश्वास कायम राख्न सम्बन्धित सबै पक्ष गम्भीर हुनुपर्ने अभियानको माग छ।

"आयो ठप्प ठिप्यो, लग्यो, मिति पुग्यो ठरेर ठर्दैन त्यो,
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो,"

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति:
२०१७/०६/०१

स्वर्गारोहण मिति:
२०८३/०७/१४

स्व. विनोद तामाङ

यस प्रा.लि.का सञ्चालक प्रवन्ध निर्देशक पवन तामाङका पुजनीय पिता
विनोद तामाङको ६७ वर्षको उमेरमा
२०८३ कात्तिक १४ गते असामयिक निधन भएकोमा हामी स्तब्ध भएका छौं ।
हामी स्व. तामाङप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडिमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

गाइडलाइन रिक्रुटमेन्ट सर्भिस प्रा.लि.
परिवार
सामाखुसी, काठमाडौं

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०२/२३ मा दर्ता भएको **दर्ता नं. १९१००७** को **एक्स टेक कन्सर्न प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७५४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/११/२३ मा दर्ता भएको **दर्ता नं. ३०८५८४** को **माइरन फुड प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७५४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५६/०३/१५ मा दर्ता भएको **दर्ता नं. १०६१८** को **मेरो ट्राभल प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७५४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

न्यायमा दाउपेच नहोस्

सर्वोच्च अदालतका न्यायाधीशमाथि महाभियोगको बहस सुरू भएको छ । विवादास्पद बिचौलिया इनम सापकोटासँग न्यायिक नेतृत्व र न्यायाधीशहरूको सम्बन्ध, सन्देश आदानप्रदान तथा भनिएका आर्थिक कारोबारका विवरण सार्वजनिक भएपछि न्यायपालिकाको निष्पक्षता र आचरणमाथि गम्भीर प्रश्न उठेका छन् । यो प्रकरणलाई सामान्य विवाद ठानेर पन्छाउन मिल्दैन । तर सार्वजनिक भएका विवरणलाई नै अन्तिम प्रमाण मानेर हतारमा महाभियोग लगाउनु पनि उचित हुँदैन । निष्पक्ष छानबिन, प्रमाणको परीक्षण र दोष देखिएमा कानुनअनुसार कारबाही गर्ने हो । न्यायालयको शुद्धीकरण गर्ने नाममा फेरि महाभियोग लगाउने र बीचमै तुहाउने पुरानै अभ्यास दोहोरिनु हुँदैन । किनभने विगतमा प्रधानन्यायाधीशदेखि संवैधानिक निकायका प्रमुखसम्मलाई महाभियोग लगाउने प्रस्ताव संसद्मा पुगेर अलपत्र परेका नजिर छन् । न महाभियोग प्रस्ताव दर्ता हुँदैमा दोष प्रमाणित हुन्छ न प्रस्ताव दर्ता गरेर लामो समय अलपत्र छाड्दैमा न्यायको उद्देश्य पूरा हुन्छ । विगतको अभ्यासले देखाएको सबैभन्दा ठूलो समस्या यही हो, महाभियोगलाई जवाफदेहिताको संवैधानिक अस्त्रभन्दा राजनीतिक स्वार्थ पूरा गर्ने हतियार बनाउने प्रवृत्ति छ ।

नेपालको संसदीय इतिहासमा हालसम्म छ वटा महाभियोग प्रस्ताव दर्ता भएका छन् । २०५२ सालमा तत्कालीन प्रधानन्यायाधीश विश्वनाथप्रसाद उपाध्याय र न्यायाधीश सुरेन्द्रप्रसाद सिंहविरूद्ध प्रस्ताव दर्ता भए पनि तत्कालीन सभामुखले अस्वीकार गरे । सोही वर्ष प्रधानन्यायाधीश बनेका सिंहविरूद्ध फेरि महाभियोग प्रस्ताव दर्ता भयो, तर प्रस्तावकले फिर्ता लिए । २०७३ सालमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीविरूद्ध महाभियोग प्रस्ताव दर्ता भयो । सर्वोच्च अदालतको फैसलाबाट उनी पदमुक्त भएपछि प्रस्ताव निष्क्रिय भयो । २०७४ सालमा तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीविरूद्ध महाभियोग प्रस्ताव दर्ता गरियो । सर्वोच्च अदालतको अन्तरिम आदेशपछि प्रस्ताव फिर्ता लिइयो । २०७८ सालमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरूद्ध महाभियोग प्रस्ताव दर्ता भयो । छानबिनका लागि सिफारिस समिति गठन भयो, बयान लिइयो र प्रतिवेदनसमेत तयार भयो । तर संसद्बाट अन्तिम निर्णय हुन सकेन । संसद्को कार्यकाल समाप्त भयो र महाभियोगको प्रक्रिया निष्कर्षमा नपुगी रोकियो । जबरा त्यसपछि सर्वोच्च अदालतमा फर्किएनन् र उनको कार्यकाल पनि समाप्त भयो । यी घटनाले महाभियोगको संवैधानिक व्यवस्था आफैंमा पर्याप्त नहुने देखाउँछ ।

संविधानको धारा १०१ अनुसार प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशविरूद्ध गम्भीर संवैधानिक वा कानुनी उल्लंघन, खराब आचरण, कार्यक्षमताको अभाव वा पदीय कर्तव्य इमानदारीपूर्वक पालना नगरेको आधारमा महाभियोग प्रस्ताव दर्ता गर्न सकिन्छ । संसद्ले पनि महाभियोग प्रस्तावलाई अनिश्चितकालसम्म अलपत्र राख्ने होइन, निर्धारित प्रक्रिया र समयसीमाभित्र निष्कर्षमा पुऱ्याउनुपर्छ । साथै, न्यायपालिकालाई राजनीतिक दबाबबाट मुक्त राख्नु जति आवश्यक छ, न्यायाधीशलाई जवाफदेही बनाउनु पनि उत्तिकै आवश्यक छ । यसकारण महाभियोग लगाउने हो भने प्रमाणसहित लगाइयोस्, छानबिन गरियोस् र निष्कर्षमा पुऱ्याइयोस् । आधार छैन भने स्पष्ट भनियोस् । तर महाभियोगलाई राजनीतिक दबाबको अस्त्र बनाएर बीचमै छाड्ने अभ्यास नबनाइयोस् । न्यायालयको शुद्धीकरण भाषणमा होइन्, परिणाममा देखाइयोस् ।

इन्धन मूल्यको चक्र

अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा तत्काल मूल्यवृद्धि गर्ने तर घट्दा उपभोक्तालाई राहत दिन ढिलाइ गर्ने प्रवृत्तिले नेपालको इन्धन मूल्य प्रणालीमाथि प्रश्न उठाएको छ । निगमको घाटा, उच्च कर र कमजोर मूल्य पारदर्शिताबीच उपभोक्ता मारमा छन् । समाधानका लागि कर पुनरावलोकन, मूल्य स्थिरीकरण कोषको प्रभावकारी उपयोग र स्वचालित मूल्य प्रणालीको पारदर्शी कार्यान्वयन आवश्यक छ ।

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

नेपालमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि नौलो विषय होइन । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्दा नेपालमा पनि मूल्य बढ्ने गरेको छ । तर, अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा त्यसको लाभ नेपाली उपभोक्ताले तत्काल पाउँछन् कि पाउँदैनन् भन्ने प्रश्न बारम्बार उठ्ने गरेको छ । मूल्य समायोजनका नाममा पेट्रोलियम पदार्थको मूल्य बढाउने तर घटाउनुपर्ने अवस्थामा निगमको घाटालाई कारण देखाउने प्रवृत्तिले मूल्य निर्धारण प्रणालीप्रति अविश्वास बढाएको छ ।

नेपालको इन्धन बजारको समस्या मूल्यवृद्धिमा मात्र सीमित छैन । आयातमा शतप्रतिशत निर्भरता, उच्च करको भार, नेपाल आयल निगमको वित्तीय अवस्था र मूल्य निर्धारणमा पारदर्शिताको अभावसमेत यसका प्रमुख पक्ष हुन् । यी समस्याको दीर्घकालीन समाधान खोज्न नसकिएसम्म इन्धनको मूल्यमा हुने उतारचढावको भार उपभोक्ताले नै बोकिरहनुपर्नेछ ।

मूल्यवृद्धिको चक्र

विगतका वर्षमा पेट्रोलको मूल्यमा भएको उतारचढावले नेपालको इन्धन बजारको अवस्था देखाउँछ । लेखकले प्रस्तुत गरेका विवरणअनुसार २०७४ फागुनमा प्रतिलिटर ९७ रुपैयाँ रहेको पेट्रोलको मूल्य २०७९ असारमा १८१ रुपैयाँसम्म पुगेको थियो । त्यसपछि मूल्य घट्ने र पुनः बढ्ने क्रम जारी रह्यो । २०७९ चैतमा प्रतिलिटर १७५ रुपैयाँ कायम भएको पेट्रोलको मूल्य त्यसपछिका विभिन्न अवधिमा घटबढ भएको देखिन्छ । अहिले २०० रुपैयाँको हाराहारीमा छ ।

यी विवरणले इन्धनको मूल्यमा अन्तर्राष्ट्रिय बजारको प्रभाव स्पष्ट पार्छन् । तर, मूल्य बढ्नु वा घट्नुको कारण अन्तर्राष्ट्रिय बजारलाई मात्र मान्न मिल्दैन । आयात मूल्यसँगै कर, ढुवानी, प्रशासनिक खर्च र अन्य लागतले पनि अन्तिम बिक्री मूल्य निर्धारण गर्छन् ।

नेपालमा खपत हुने पेट्रोलियम पदार्थ भारतबाट आयात गरिन्छ । नेपाल आयल निगमले भारतीय आयल कर्पोरेसन (आईओसी) बाट प्रत्येक महिनाको १ र १६ तारिखमा नयाँ मूल्यसूची प्राप्त गर्छ । यसरी प्राप्त हुने मूल्यका आधारमा निगमले आफ्नो लागत र बिक्री मूल्यको हिसाब गर्छ ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्दा आईओसीबाट प्राप्त मूल्यसूची पनि बढ्न सक्छ । त्यसको प्रभाव नेपालमा पर्ने भएकाले बाह्य बजारमा मूल्यवृद्धि हुँदा नेपाली बजारमा मूल्य बढ्नु स्वाभाविक हो । तर, मूल्य घट्दा नेपालमा कति र कहिले घटाइन्छ भन्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

निगमको घाटा र उपभोक्ताको भार

नेपाल आयल निगमले लामो समयदेखि पेट्रोलियम पदार्थको कारोबारमा घाटा बेहोर्नुपरेको बताउँदै आएको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा लागतअनुसार बिक्री मूल्य समायोजन गर्न नसकिए निगमको घाटा बढ्छ । यही घाटाको कारण देखाउँदै निगमले पटकपटक मूल्यवृद्धि गर्दै आएको छ ।

विगतमा निगमले कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र वाणिज्य बैंकबाट ऋण लिएको थियो । लेखकका अनुसार निगमले विभिन्न समयमा लिएको ऋण ३६ अर्ब ८६ करोड रुपैयाँ पुगेको थियो । यसले इन्धन आपूर्ति व्यवस्थापनमा निगमले भोगेको वित्तीय दबाब देखाउँछ ।

२०७१ असोज १३ देखि स्वचालित मूल्य प्रणाली लागू गरिएपछि निगमको वित्तीय अवस्थामा सुधार आएको र ऋण चुक्ता गर्ने अवसरसमेत प्राप्त भएको थियो । तर, प्रणालीको पूर्ण र निरन्तर कार्यान्वयन हुन नसक्दा मूल्य निर्धारणमा फेरि समस्या देखिएको लेखकको विश्लेषण छ ।

निगमको घाटा बढ्दा त्यसको असर इन्धन आपूर्तिमा पर्न सक्छ । निगमले लागतभन्दा कम मूल्यमा लामो समयसम्म इन्धन बिक्री गरिरहे वित्तीय अवस्था कमजोर हुन्छ र आपूर्ति व्यवस्थापनमा समेत समस्या आउन सक्छ । त्यसैले निगमको वित्तीय दिगोपनालाई बेवास्ता गर्न मिल्दैन । तर, निगमको घाटा पूर्ति गर्ने नाममा उपभोक्तामाथि निरन्तर मूल्यवृद्धिको भार थोपर्नु पनि उचित हुँदैन । मूल्य निर्धारण प्रणालीले निगमको वित्तीय अवस्था र उपभोक्ताको क्रयशक्ति दुवैलाई ध्यान दिनुपर्छ । घाटाको विवरण सार्वजनिक गर्नु मात्र पर्याप्त हुँदैन । लागत, कर, सञ्चालन खर्च, ऋणको अवस्था र मूल्य स्थिरीकरण कोषको उपयोगबारे नियमित रूपमा स्पष्ट जानकारी दिनु आवश्यक छ ।



करको भार पुनरावलोकन गर

पेट्रोलियम पदार्थको मूल्यमा करको हिस्सा महत्त्वपूर्ण हुन्छ । अन्तर्राष्ट्रिय बजारबाट खरिद गरिएको इन्धनमा भन्सार महसुल, पूर्वाधार विकास कर र अन्य कर तथा शुल्क जोडिँदा उपभोक्ताले तिर्नुपर्ने मूल्य बढ्छ । यसरी मूल्य निर्धारण गर्दा निगमको लागत र सरकारी राजस्व दुवैको भार अन्ततः उपभोक्तासम्म पुग्छ ।

निगमको घाटा कम गर्ने विकल्पमध्ये करको भार घटाउनु पनि एउटा महत्त्वपूर्ण उपाय हो । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेको समयमा सरकारले करमा केही राहत दिए उपभोक्ताले तत्काल राहत पाउन सक्छन् । तर, कर घटाउँदा सरकारी राजस्वमा पर्ने प्रभावसमेत विचार गर्नुपर्छ । त्यसैले कर घटाउने निर्णय परिस्थितिअनुसार हुनुपर्छ । अन्तर्राष्ट्रिय बजारमा असामान्य मूल्यवृद्धि भएको अवस्थामा निश्चित अवधिका लागि कर समायोजन गर्ने व्यवस्था उपयोगी हुन सक्छ । त्यसका लागि स्पष्ट मापदण्ड, समयसीमा र राजस्वमा पर्ने प्रभावको मूल्याङ्कन आवश्यक हुन्छ ।

निगमको घाटा पूर्ति गर्न सरकारबाट अनुदान दिने विकल्प पनि छ । तर, यस्तो अनुदानको स्रोत सार्वजनिक राजस्व नै हुने भएकाले त्यसको औचित्य, सीमा र प्रभावबारे स्पष्ट नीति आवश्यक छ । कर घटाउने वा अनुदान दिने विकल्पमध्ये कुन उपयुक्त हुन्छ भन्ने निर्णय तथ्यांकका आधारमा गर्नुपर्छ ।

मूल्य स्थिरीकरण कोषको उपयोग

पेट्रोलियम पदार्थको मूल्यमा हुने अस्वाभाविक उतारचढाव कम गर्न मूल्य स्थिरीकरण कोषको अवधारणा महत्त्वपूर्ण छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेको समयमा कोषमा रकम जम्मा गर्ने र मूल्य असामान्य रूपमा बढेको अवस्थामा त्यसको केही हिस्सा उपयोग गर्ने व्यवस्था प्रभावकारी हुन सक्छ ।

लेखकका अनुसार विगतमा मूल्य स्थिरीकरण कोषमा ११ अर्ब रुपैयाँ जम्मा भएको उल्लेख गरिएको थियो । तर, त्यस्तो रकमले लामो समयसम्म निगमको घाटा धान्न नसक्ने अवस्था आउन सक्ने उनको विश्लेषण छ । त्यसैले कोषको रकम कति छ भन्ने विवरणसँगै यसको उपयोग कसरी भइरहेको छ भन्ने जानकारी पनि सार्वजनिक गर्नुपर्छ ।

कोषको रकम कुन अवस्थामा प्रयोग गर्ने, कति समयसम्म राहत दिने र पुनः रकम कसरी जम्मा गर्ने भन्ने विषय स्पष्ट हुनुपर्छ । राजनीतिक दबाब वा तत्कालीन निर्णयका आधारमा मात्र कोष सञ्चालन गरिए यसको उद्देश्य पूरा हुन सक्दैन ।

पारदर्शी स्वचालित मूल्य प्रणाली

इन्धनको मूल्य निर्धारणमा देखिने विवाद कम गर्ने प्रमुख उपाय पारदर्शी स्वचालित मूल्य प्रणाली हो । आईओसीबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार लागत परिवर्तन हुँदा त्यसको प्रभाव नेपाली बजारमा कसरी पर्छ भन्ने विवरण निगमले सार्वजनिक गर्नुपर्छ ।

मूल्य बढाउँदा मात्र स्वचालित प्रणालीको हवाला दिने र घटाउनुपर्ने बेला अन्य कारण देखाउने अवस्था अन्त्य हुनुपर्छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेको अवस्थामा पनि निगमको पुरानो घाटा कायम रहन सक्छ । त्यसैले मूल्य घटाउनुअघि निगमको वित्तीय अवस्था हेर्नु गलत होइन । तर, घाटा कति छ, त्यसलाई घटाउन कस्तो योजना छ र उपभोक्ताले कहिलेसम्म राहत पाउँछन् भन्ने प्रश्नको जवाफ दिनुपर्छ ।

मूल्य निर्धारणको स्पष्ट सूत्र सार्वजनिक गरिए उपभोक्ताले मूल्यवृद्धि वा मूल्य कटौतीको आधार बुझ्न सक्छन् । यसले निगमको निर्णयप्रति विश्वास बढाउँछ र अनावश्यक विवाद कम गर्छ ।

दीर्घकालीन सुधारको आवश्यकता

नेपालको इन्धन समस्या तत्काल मूल्य घटाएर मात्र समाधान हुँदैन । इन्धन आयातमा रहेको पूर्ण निर्भरता घटाउने, ऊर्जा स्रोतको विविधीकरण गर्ने र विद्युतीय सवारीसाधन तथा विद्युतीय खाना पकाउने प्रविधिको प्रयोग बढाउने नीति पनि आवश्यक छ । स्वच्छ ऊर्जाको विस्तारले दीर्घकालमा पेट्रोलियम पदार्थको आयात र त्यसमा खर्च हुने विदेशी मुद्रा घटाउन सहयोग पुऱ्याउन सक्छ ।

त्यसैगरी निगमको प्रशासनिक खर्च, ढुवानी लागत, भण्डारण क्षमता र आपूर्ति व्यवस्थापनको नियमित समीक्षा गर्नुपर्छ । लागत घटाउन सकिने क्षेत्र पहिचान गरी सुधार गर्न सके मूल्यवृद्धिको दबाब कम गर्न सकिन्छ ।

इन्धनको मूल्य निर्धारणलाई केवल निगमको घाटा र नाफाको विषयका रूपमा हेर्नु पर्याप्त हुँदैन । यो उपभोक्ताको जीवनयापन, यातायात खर्च, कृषि उत्पादन, औद्योगिक लागत र समग्र अर्थतन्त्रसँग जोडिएको विषय हो । इन्धनको मूल्य बढ्दा ढुवानी महँगिन्छ, जसले खाद्यान्नदेखि दैनिक उपभोग्य वस्तुसम्मको मूल्यमा असर पार्न सक्छ ।

त्यसैले सरकार, नेपाल आयल निगम र सम्बन्धित निकायले मूल्य निर्धारणलाई पारदर्शी, उत्तरदायी र उपभोक्तामैत्री बनाउनुपर्छ । निगमको वित्तीय दिगोपना कायम राख्दै उपभोक्तालाई अनावश्यक भारबाट जोगाउने नीति आवश्यक छ ।

इन्धनको मूल्यमा न्यायपूर्ण सन्तुलन कायम गर्न अन्तर्राष्ट्रिय बजारको उतारचढावलाई मात्र दोष दिएर पुग्दैन । कर संरचनाको पुनरावलोकन, मूल्य स्थिरीकरण कोषको प्रभावकारी उपयोग, सञ्चालन लागतमा सुधार र स्वचालित मूल्य प्रणालीको पारदर्शी कार्यान्वयनबाट मात्र निगम र उपभोक्ता दुवैको हित सुरक्षित गर्न सकिन्छ ।

(लेखक रेग्मी व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका पूर्व नायव कार्यकारी निर्देशक हुन् ।)

ज्ञान, शान्ति र नोबेल सम्मान



● विश्वनाथ खरेल

डाइनामाइटका आविष्कारक अल्फ्रेड नोबेलले आफ्नो सम्पत्तिको ठूलो हिस्सा मानवकल्याणमा योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गर्न छुट्याए । सन् १९०१ देखि प्रदान हुँदै आएको नोबेल पुरस्कार आज विज्ञान, साहित्य, शान्ति र अर्थशास्त्रको प्रतिष्ठित अन्तर्राष्ट्रिय सम्मान बनेको छ ।

सन् २०२६ का नोबेल पुरस्कार चिकित्साशास्त्रतर्फ कार्ल डाइसरोथ (अमेरिका), भौतिकशास्त्रतर्फ पिटर होगेम्यान र जोज नागेल (जर्मनी)ले प्राप्त गरे । त्यस्तै, रसायनशास्त्रतर्फ फ्रान्सिस हाल्जेन र हेनरी बी. कागन (फ्रान्स), साहित्यतर्फ एन कार्सन (क्यानडा), शान्तितर्फ नाभनेथेम नाभी पिल्ले (दक्षिण अफ्रिका) तथा अर्थशास्त्रतर्फ रोवर्ट ई. हल र माइकल वुडफोर्ड (अमेरिका)ले पाए ।

मानवताको भविष्य केही पुरस्कार विजेताको उपलब्धिले मात्र निर्धारण हुँदैन । ज्ञानको खोजी गर्ने, अन्यायको विरोध गर्ने, सिर्जनशील बन्ने र अरूको जीवन सुधार्ने प्रत्येक पुस्ताको सामूहिक प्रयासले भविष्य निर्माण गर्छ । नोबेल पुरस्कारको सबैभन्दा ठूलो प्रेरणा पनि यही हो- मानव प्रतिभालाई व्यक्तिगत सफलतामा मात्र सीमित नराखी समग्र मानव जातिको हितमा प्रयोग गर्ने ।

नोबेल पुरस्कारका संस्थापक अल्फ्रेड नोबेल स्विडेनी रसायनशास्त्री, इन्जिनियर, आविष्कारक तथा उद्योगपति थिए । उनले आफ्नो सम्पत्तिको ठूलो हिस्सा मानव जातिको हितमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान गर्न समर्पित गरे । त्यसैको परिणामस्वरूप विज्ञान, साहित्य र शान्तिका क्षेत्रमा उत्कृष्टतालाई प्रोत्साहन गर्ने अन्तर्राष्ट्रिय परम्परा सुरु भयो । पछि अर्थशास्त्रसमेत समेटिएपछि यसको दायरा अझ फराकिलो बनेको छ ।

अल्फ्रेड बर्नहार्ड नोबेलको जन्म सन् १८३३ अक्टोबर २१ मा स्विडेनको स्टकहोममा भएको थियो । उनका पिता इमानुएल नोबेल इन्जिनियर तथा आविष्कारक थिए भने माता एन्ड्रिएट अह्सेल नोबेल थिइन् । नोबेलको परिवार आर्थिक कठिनाइबाट गुज्रिरहेको थियो । उनी पाँच वर्षको हुँदा उनका पिता रुसको सेन्ट पिटर्सबर्ग गएर इन्जिनियरिङ कारखाना सञ्चालन गर्न थाले । केही वर्षपछि परिवार पनि त्यहाँ बसाइँ सऱ्यो । अल्फ्रेडले औपचारिक शिक्षा धेरै पाएनन् । तर निजी शिक्षकबाट रसायनशास्त्र, भौतिकशास्त्र, भाषा र साहित्यको ज्ञान हासिल गरे । उनी सानै उमेरमा फ्रान्सेली, अंग्रेजी, जर्मन, रुसी र स्विडिस भाषामा धाराप्रवाह बोल्न सक्थे ।

साहित्यमा पनि उनको विशेष रुचि थियो । उनी कविता लेख्थे र नाटकसमेत रचना गर्थे । आफ्नो जीवनकालमा उनले ३५५ भन्दा बढी आविष्कार गरे । तीमध्ये डाइनामाइटको



आविष्कारले उनलाई धन र प्रसिद्धि दिलायो । तर डाइनामाइटको प्रयोग युद्ध र विनाशका लागि हुन थालेपछि उनी गहिरो आत्मग्लानिमा परे ।

मानव जातिको हितमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान गर्ने उद्देश्यले उनले आफ्नो सम्पत्ति पुरस्कारका लागि छुट्याउने निर्णय गरे । सन् १८९६ मा मृत्यु हुनुअघि उनले आफ्नो सम्पत्तिको झन्डै ९४ प्रतिशत रकम एउटा कोष स्थापनाका लागि छुट्याएका थिए । उनको इच्छाअनुसार उक्त सम्पत्तिबाट प्राप्त हुने आम्दानी मानव जातिलाई उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तिहरूलाई पुरस्कारका रूपमा वितरण गरिने व्यवस्था गरियो ।

उनको इच्छापत्रअनुसार सन् १९०१ देखि नोबेल पुरस्कार प्रदान गर्न थालियो । सुरुमा भौतिकशास्त्र, रसायनशास्त्र, चिकित्साशास्त्र, साहित्य र शान्तिका क्षेत्रमा पुरस्कार प्रदान गरिन्थ्यो । पछि अर्थशास्त्रमा पनि नोबेल स्मृति पुरस्कार स्थापना गरियो । यसले मानव ज्ञानका विविध क्षेत्रमा भएका उपलब्धिलाई अन्तर्राष्ट्रिय पहिचान दिलाएको छ ।

नोबेल पुरस्कार आधुनिक विश्वको बौद्धिक, वैज्ञानिक, साहित्यिक र नैतिक इतिहाससँग जोडिएको प्रतिष्ठित सम्मान हो । यसले वैज्ञानिक अनुसन्धानलाई प्रोत्साहन गरेको छ, साहित्यिक सिर्जनालाई विश्वव्यापी पाठकसमक्ष पुऱ्याएको छ र शान्ति तथा मानवअधिकारका पक्षमा काम गर्ने व्यक्तिहरूको योगदानलाई उजागर गरेको छ ।

यद्यपि, नोबेल पुरस्कारको इतिहास पूर्णतः विवादरहित छैन । पुरस्कारमा विभिन्न क्षेत्र र समुदायको प्रतिनिधित्व, वैज्ञानिक खोजको श्रेय वितरण, साहित्यिक मूल्याङ्कनको व्यक्तिपरकता तथा शान्ति पुरस्कारसँग जोडिएका राजनीतिक बहसले यसका सीमाहरू पनि देखाएका छन् । यस्ता प्रश्नलाई बेवास्ता गर्नुको सट्टा आलोचनात्मक संवाद र संस्थागत सुधारका माध्यमबाट पुरस्कारको विश्वसनीयता बलियो बनाउन सकिन्छ ।

नोबेल पुरस्कारको महत्व पदक, प्रमाणपत्र वा आर्थिक रकममा मात्र सीमित छैन । यसको मूल सन्देश मानव प्रतिभाको सम्मान, स्वतन्त्र चिन्तनको संरक्षण, ज्ञानको विस्तार र मानवकल्याणप्रतिको प्रतिबद्धतामा निहित छ । यसले मानिसलाई व्यक्तिगत उपलब्धिभन्दा माथि उठेर समाज र विश्वका लागि योगदान गर्न प्रेरित गर्छ । नेपालजस्ता विकासशील देशका लागि पनि यसबाट महत्वपूर्ण शिक्षा लिन सकिन्छ । गुणस्तरीय शिक्षा, अनुसन्धानमा लगानी, साहित्यिक सिर्जनाको प्रवर्द्धन, वैज्ञानिक सोच र सामाजिक न्यायप्रतिको प्रतिबद्धता दीर्घकालीन प्रगतिका आधार हुन् । कुनै देशका नागरिकले नोबेल पुरस्कार प्राप्त गर्नु प्रतिष्ठाको विषय हुन सक्छ । तर आफ्ना नागरिकलाई ज्ञान, अवसर र सम्मानपूर्ण जीवन प्रदान गर्नु अझ महत्वपूर्ण उपलब्धि हो ।

नोबेल पुरस्कार मानव सभ्यताको एउटा महत्वपूर्ण प्रतीक पनि हो । ज्ञानले अज्ञानतालाई, सिर्जनाले मौनतालाई, संवादले द्वन्द्वलाई र मानवताले घृणालाई चुनौती दिन सक्छ भन्ने विश्वास यसको मूल भावनामा छ । विश्वले युद्ध, गरिबी, रोग, असमानता र वातावरणीय सङ्कटको सामना गरिरहेको वर्तमान समयमा यसले प्रतिनिधित्व गर्ने वैज्ञानिक जिज्ञासा, बौद्धिक स्वतन्त्रता, सिर्जनशीलता र शान्तिको आदर्श झन् सान्दर्भिक बनेको छ ।

नोबेल पुरस्कार व्यक्तिगत उपलब्धिको सम्मान मात्र होइन, मानव सभ्यताको प्रगति र शान्तिको खोजीको प्रतीक पनि हो । भविष्यमा पनि यसले नयाँ खोज, विचार र आशा जगाउने अपेक्षा गर्न सकिन्छ । अल्फ्रेड नोबेलको इच्छाअनुसार मानव जातिलाई सबैभन्दा ठूलो लाभ पुऱ्याउने कामको सम्मान गर्दै यो पुरस्कार विश्वको प्रतिष्ठित अन्तर्राष्ट्रिय सम्मानका रूपमा रहिरहनेछ ।

इतिहासको पाना

● रतन भण्डारी

छोटो शासनमा प्रगतिशील सोचका देवशमशेर



राणाकालमा सबैभन्दा छोटो समय प्रधानमन्त्री बनेका देवशमशेरलाई प्रगतिशील सोच राख्ने शासकका रूपमा चिनिन्छ । उनले प्रधानमन्त्री भएपछि गोरखापत्र प्रकाशन सुरु गरे, दरबार हाईस्कूल सर्वसाधारणका बालबालिकाका लागि खुला गरे र देशभर भाषा पाठशाला स्थापना गरे ।

देवशमशेर जंगबहादुरका कान्छा भाइ धीरशमशेरका १७ छोरामध्ये एक थिए । ठूलो परिवार भएकाले धीरशमशेरको परिवार जंगबहादुरको परिवारभन्दा आर्थिक रूपमा कमजोर थियो । त्यसैले उनलाई ठूलोबुवा जनरल कृष्णबहादुरले धर्मपुत्रका रूपमा अँगालेका थिए । पाल्पाका गभर्नर कृष्णबहादुरको संरक्षणमा उनले विलासी जीवन बिताए । काकाको सम्पत्ति र बाबुको अंशसमेत पाएपछि उनी दाजुभाइभन्दा धनी भए ।

वि.सं. १९४२ मा धीरशमशेरका छोराहरूले ठूलोबुवा रणोद्दीप सिंह कुँवरको हत्या गरी सत्ता कब्जा गरे । उक्त षड्यन्त्रबारे देवशमशेर अनभिज्ञ रहेको बताइन्छ । जंग परिवारसँग निकट सम्बन्ध भएकाले उनीमाथि पनि शंका गरिएको थियो । सोही घटनाक्रममा जंगबहादुरका छोराहरूको सफाया हुँदा उनी रणवीर जंगको क्वार्टरमा सुतिरहेका थिए । जंग परिवारको सदस्य ठानेर मारिन खोजिए पनि चिनिएका कारण बचेका थिए ।

वीरशमशेर प्रधानमन्त्री बनेपछि तय गरिएको रोलक्रममा देवशमशेर चौथो स्थानमा थिए । पछि रोलक्रम परिवर्तन हुँदा उनी तेस्रो स्थानमा झरे । रणशमशेरको निधनपछि प्रधानमन्त्री बन्ने बाटो खुलेको थियो । वीरशमशेरको निधनपछि उनी प्रधानमन्त्री बने ।

तर, दाजुभाइको ईर्ष्याका कारण उनको शासन लामो समय टिकेन । वि.सं. १९५८ वैशाख २४ गते गोरखापत्र प्रकाशन सुरु गरेका देवशमशेरलाई सोही वर्ष असारमा चन्द्रशमशेरहरूले पदच्युत गरी धनकुटा निर्वासित गरे । त्यसपछि इलाम, दार्जिलिङ र बनारस हुँदै उनी मसुरीको झरिपानी पुगे । त्यहीँ उनको निधन भयो ।

पछि जुद्धशमशेरले देवशमशेरका परिवारलाई नेपाल फर्कन अनुमति दिए । देवशमशेरकी जेठी पत्नी कर्मकुमारीले बाल्यकालमा जुद्धशमशेरलाई हुर्काएकी थिइन् । त्यसैले उनले देवशमशेरको परिवारलाई नेपालगन्ज र वर्दियामा जग्गा तथा भत्ताको व्यवस्था गरे । कर्मकुमारीको सम्मानमा जावलाखेल चिडियाखानामा मूर्तिसमेत स्थापना गराए ।

तर, तस्बिरमा देखिएकी महिला कर्मकुमारी नभई देवशमशेरकी माहिली पत्नी कृष्णकुमारी हुन् । युवराज त्रैलोक्यकी पुत्री कृष्णकुमारीसँग देवशमशेरले जेठी पत्नी कर्मकुमारीको निधनपछि दोस्रो विवाह गरेको पुरुषोत्तमशमशेरले उल्लेख गरेका छन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

एनपिएल

विराटनगरको पहिलो जित



काठमाडौं/मस– सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा विराटनगर किंग्सले पहिलो जित हात पारेको छ । आन्द्रे रसेलको आक्रामक ब्याटिङ, प्रभावशाली बलिङ र उत्कृष्ट फिल्डिङको मद्दतमा विराटनगरले पहिलो जित निकालेको हो । शनिवार कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको पाँच ओभरको खेलमा विराटनगरले सुदूरपश्चिम रोयल्सलाई ३५ रनले पराजित गरेको हो ।

विराटनगरले दिएको १०६ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले निर्धारित पाँच ओभरमा तीन विकेट गुमाएर ७० रन मात्र बनाउन सक्यो । यससँगै लगातार दुई खेलमा पराजय व्यहोरेको विराटनगरले तेस्रो खेलमा आएर जितको खाता खोलेको छ । जितसँगै विराटनगरले दुई अंकसमेत जोडेको छ ।

विराटनगरको जितमा वेस्ट इन्डिजका आक्रामक खेलाडी आन्द्रे रसेलले ब्याटिङ, बलिङ र फिल्डिङ तीनै क्षेत्रमा प्रभाव छाडे । उनले १० बलमा दुई चौका र तीन छक्काको मद्दतमा अविजित २९ रन बनाए । बलिङतर्फ दुई ओभरमा आठ रन खर्चेर एक विकेट लिएका रसेलले फिल्डिङमा एक क्याचसमेत लिए ।

लक्ष्य पछ्याउने क्रममा सुदूरपश्चिमको सुरुवात निकै खराब रह्यो । पहिलो बलमै रसेलले सेरफाने रदरफोर्डलाई शून्यमा बोल्ड गरेपछि विराटनगरले पहिलो सफलता पायो । दोस्रो ओभरमा कप्तान दीपेन्द्रसिंह ऐरी पनि एक रनमा आउट भएपछि सुदूरपश्चिम सात रनमै दुई विकेट गुमाउने अवस्थामा पुग्यो ।

त्यसपछि सेफ जेबले आक्रामक ब्याटिङ गर्दै टोलीलाई सम्हाल्ने प्रयास गरे पनि जितका लागि पर्याप्त हुन सकेन । उनले १० बलमा दुई छक्कासहित १७ रन बनाए। रुपेश सिंहको बलमा उनी क्याच आउट भए । आरिफ शेखले अविजित १७ तथा स्कट कुगेलेइनले अविजित २८ रन जोडे । विराटनगरका लागि रसेलबाहेक एन्जेलो म्याथ्युजले पनि एक विकेट लिए । उनले एक ओभरमा १५ रन खर्चिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको विराटनगरले पाँच ओभरमा दुई विकेट गुमाएर १०५ रनको विशाल योगफल तयार पारेको थियो । ओपनर सेहान जयसूर्याले ११ बलमा दुई चौका र पाँच छक्कासहित ३९ रन बनाए ।

अर्का ओपनर लोकेश बमले १० बलमा एक चौका र तीन छक्काको मद्दतमा २५ रन जोडे । रसेलले पनि आक्रामक ब्याटिङलाई निरन्तरता दिँदै अविजित २९ रन बनाएपछि विराटनगरले पाँच ओभरमै सय रनको आँकडा पार गरेको थियो । सुदूरपश्चिमका लागि अभिनाश बोहराले दुई ओभरमा २८ रन खर्चेर एक विकेट लिए ।

वर्षाका कारण मैदानमा पानी जम्दा विराटनगर र सुदूरपश्चिमबीचको खेल निर्धारित समयभन्दा निकै ढिलो सुरु भएको थियो। शनिबार साँझ पाँच बजेका लागि तय भएको खेल मैदान सुकाउन समय लागेपछि साँझ ७:४१ बजे सुरु गर्ने तालिका बनाइएको थियो ।

तर टसकै समयमा दुवै टोलीबीच सहमति जुट्न नसक्दा खेल थप लम्बिएको थियो । विराटनगरका कप्तान सन्दीप लामिछाने टसका लागि मैदान पुगे पनि सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरी उपस्थित भएका थिएनन् । त्यसपछि क्यानका सचिव तथा एनपीएल गभर्निङ काउन्सिलका संयोजक पारस खड्का, म्याच रेफ्री र सम्बन्धित पक्षबीच छलफल भएको थियो ।

लामो अन्योलपछि राति करिब ८:५४ बजे सुदूरपश्चिमका खेलाडी खेल्न तयार भएका थिए । त्यसपछि राति नौ बजे टस गर्ने र ९:१५ बजे खेल सुरु गर्ने तालिका बनाइएको थियो ।

धनगढी एफसी र काठमाडौं स्पोर्ट्सको सहकार्य



काठमाडौं/मस- नेपाली खेलकुदमा लगानी र सहकार्य विस्तार गर्ने उद्देश्यसहित धनगढी एफसी र काठमाडौं स्पोर्ट्स डेभलपमेन्ट भेन्चर्स प्रा.लि.बीच साझेदारी भएको छ ।

दुई संस्थाको सहकार्यमा फुटबल, क्रिकेटसहित अन्य खेलकुद गतिविधि सञ्चालन गर्ने उद्देश्यले सुदूरपश्चिम स्पोर्ट्स भेन्चर्स कम्पनी स्थापना गरिएको छ ।

नयाँ कम्पनीमा धनगढी एफसीका सञ्चालक सुवास शाही र काठमाडौं स्पोर्ट्स डेभलपमेन्ट भेन्चर्सको समान लगानी रहनेछ । सम्झौताअनुसार डा. उपेन्द्र महतो नयाँ कम्पनीको अध्यक्ष, सुवास शाही सञ्चालक र अनुभव स्वाँर सिरोहिया कार्यकारी निर्देशक रहनेछन्। कम्पनीको सञ्चालक समितिमा अन्य सदस्य पनि थप्दै जाने जनाइएको छ ।

काठमाडौं स्पोर्ट्स डेभलपमेन्ट भेन्चर्सको टोली काठमाडौं गोर्खाजले नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा प्रतिस्पर्धा गर्दै आएको छ । यसमा कान्तिपुर पब्लिकेसन, डा. उपेन्द्र महतो र याक एन्ड यति होटेल साझेदार छन् । यस साझेदारीसँगै क्रिकेटमा लगानी गरिरहेको संस्थाले फुटबलसहित अन्य खेलकुद क्षेत्रमा समेत आफ्नो संलग्नता विस्तार गर्न लागेको हो ।

नयाँ कम्पनीअन्तर्गत धनगढी एफसीले हालै घोषणा भएको नेपाल फुटबल लिगमा सहभागिता जनाउनेछ । यसका साथै ग्रासरुट फुटबल र महिला फुटबलको विकासका लागि पनि लगानी गर्ने योजना बनाइएको छ ।

६ वर्षअघि स्थापना भएको धनगढी एफसीले फ्रेन्चाइज मोडलमा सञ्चालित नेपाल सुपर लिग (एनएसएल) का तीन संस्करणमा प्रतिस्पर्धा गरिसकेको छ । गो ड्रिमर्स कम्पनीको स्वामित्वमा रहेको क्लबले पहिलो र दोस्रो संस्करणमा फाइनल खेलेको थियो भने तेस्रो संस्करणमा प्लेअफसम्मको यात्रा तय गरेको थियो ।

सुदूरपश्चिमको प्रतिनिधित्व गर्दै आएको धनगढी एफसीले फुटबलमार्फत यस क्षेत्रलाई राष्ट्रिय खेलकुदसँग जोड्ने प्रयास गर्दै आएको छ । क्लबका अध्यक्ष तथा सञ्चालक सुवास शाहीले विभिन्न साझेदारसँग सहकार्य गर्दै क्लबको गतिविधि विस्तार गर्दै आएका छन् ।

शाहीले नयाँ साझेदारीलाई नेपाली फुटबलमा लगानी भित्र्याउने सकारात्मक कदमका रूपमा व्याख्या गरेका छन् ।

'अहिलेको अवस्थामा लगानी भित्रिनुले नेपाली फुटबलमा ठुलो सन्देश जानेछ । व्यक्तिगत रूपमा मैले यसलाई निकै सकारात्मक रूपमा लिएको छु । काठमाडौं स्पोर्ट्स डेभलपमेन्ट भेन्चर्सलाई धनगढी एफसीमा स्वागत गर्न चाहन्छु । यसले नेपाली फुटबलमा केही गर्न सकिन्छ भन्ने देखाएको छ,' उनले भने ।

यस्ता सहकार्यले अन्य क्लबका लागि पनि लगानीका ढोका खोल्ने विश्वास व्यक्त गर्दै शाहीले यसबाट सुदूरपश्चिमको पर्यटनलगायत अन्य क्षेत्रको विकासमा समेत सहयोग पुग्ने बताए ।

काठमाडौं स्पोर्ट्स डेभलपमेन्ट भेन्चर्सका तर्फबाट नयाँ साझेदारीमा जोडिएका अनुभव स्वाँर सिरोहियाले क्रिकेटमा गर्दै आएको लगानीलाई अन्य खेलकुदमा विस्तार गर्ने उद्देश्यले धनगढी एफसीसँग सहकार्य गरिएको बताए ।

'हामीले काठमाडौं स्पोर्ट्स डेभलपमेन्ट भेन्चर्स प्रालिमार्फत क्रिकेटमा ठुलो लगानी गर्दै आएका छौं । यसलाई अन्य खेलकुदमा विस्तार गर्ने उद्देश्यले धनगढी एफसीमार्फत सुदूरपश्चिम स्पोर्ट्स भेन्चर्समा जोडिएका हौं । नेपालको लोकप्रिय खेल फुटबलसँग आबद्ध हुनु हाम्रा लागि ठुलो अर्थ राख्छ । नेपाली फुटबललाई अझ लोकप्रिय बनाउने उद्देश्यका साथ हामी आएका हौं,' उनले भने ।

हिमानी र रिसिका फाइनलमा



काठमाडौं/मस- बागभैरवकी हिमानी श्रेष्ठ र कोसेलीकी रिसिका तामाङ दोस्रो वडा अध्यक्ष कप खुला कराते प्रतियोगिताको महिला २० केजीमुनि शनिबार फाइनलमा प्रवेश गरेका छन् ।

चुचेपाटीस्थित स्मार्ट प्यालेसमा भएको सेमिफाइनलमा हिमानीले कोसेलीकी सुहाना तामाङ तथा रिसिकाले शिवपुरी डोजोकी कृष्टि तामाङलाई पराजित गरे ।

नेपाल गोजुकाइ कराते डो संघको आयोजनामा भइरहेको प्रतियोगिताको पुरुष २० केजीमुनि बागभैरवका उत्सव श्रेष्ठ फाइनलमा पुगे । उनले सेमिफाइनलमा बालाजुका सौरव मगरलाई हराए । स्वर्णका लागि उत्सवले एमएचएसका साइमन मल्ल र भृकुटीका आशिष आचार्यबीचको विजेतासँग खेल्ने छन् ।

महिला २५ केजीमुनि मनमैजुकी एन्जल तामाङ, अरनिकोकी रोजिना राउत, ठैवकी दिलिसा लामा र कोसेलीकी प्रनिषा कार्कीले सेमिफाइनलमा स्थान सुरक्षित गरे । सोही स्पर्धाको पुरुषमा मनमैजुका निसान कुँवर, मेरिल्यान्डका आलोकराज ठाकुर, नव शान्तिका मिसन तामाङ र शिवपुरीका प्रकाश तामाङले सेमिफाइनलमा स्थान बनाए ।

मित्र पार्क नाय खिं बाजं खलःको सहकार्यमा भइरहेको प्रतियोगिताको महिला एकल कातामा नव शान्तिकी प्रसन्न फुयाँल, भृकुटीकी अंकिता पाण्डे, अरनिकोकी पुनम श्रेष्ठ र मेरिल्यान्डकी एलिना ठकुरी सेमिफाइनलमा पुगे । सो स्पर्धाको पुरुषमा विद्यावनका रुविन राई, इन्द्रवतिका सुसन तामाङ, भृकुटीका रोहित बस्नेत र नव शान्तिका रोजन ओझाले सेमिफाइनल यात्रा तय गरे ।

प्रतियोगिताको काठमाडौं महानगरपालिका वडा ७ का अध्यक्ष विमलकुमार होडाले एक कार्यक्रमबीच उद्घाटन गरे । सोही अवसरमा ६ जनालाई ब्ल्याकबेल्ट पहिलो डानको प्रमाण पत्र पनि सम्बन्धितलाई हस्तान्तरण गरिएको थियो । अपेक्षा थापा मगर, अन्सु गुरुङ, लिना राई, प्रज्ज्वल कार्की, जुनु गुरुङ र विदुषि पोखरेललाई ब्ल्याकबेल्ट पहिलो डानको प्रमाण पत्र प्रदान गरियो ।

दुईदिने प्रतियोगितामा पुरुष/महिलातर्फ समान ११-११ गरी जम्मा २२ स्पर्धामा २ सय २० खेलाडीको सहभागिता रहेको आयोजक संघका उपाध्यक्ष एवं प्रचार प्रसार उपसमितिका संयोजक अच्युतराज उप्रेतीले जनाएका छन् ।

सौराहा अन्तर्राष्ट्रिय तेक्वान्दोमा प्रस्तुत र दीक्षालाई स्वर्ण



काठमाडौं/मस- चितवनको न्यु स्टार तेक्वान्दो डोजाडका प्रस्तुत आचार्यले प्रथम सौराहा अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा ग्योरोगीमा स्वर्ण पदक जितेका छन् ।

चितवनस्थित रत्ननगर नगरपालिकामा शनिबार भएको च्याम्पियनसिपमा प्रस्तुतले ग्योरोगीतर्फ क्याडेट पुरुष ३३ केजी तौल समूहमा स्वर्ण पदक जितेका हुन् र उनले फाइनलमा उत्कृष्ट प्रदर्शन गर्दै अस्मिन थताललाई हराए । यसै तौल समूहमा सुभाष शाही ठकुरी र आदर्श भण्डारीले संयुक्त रूपमा कास्य पदक जिते । नेपालकै करण धोलीले पनि ग्योरोगीमा स्वर्ण पदक जितेका छन् ।

सिनियर पुरुष ५४ केजी तौल समूहमा करणले नेपालकै अंकित साहानीलाई हराउँदै स्वर्ण जिते । अंकितले पहिलो खेलमा भारतका असिफ हुसेन र सेमिफाइनलमा बोनका राउतलाई हराएका थिए । करणले बंगलादेशका मोहम्मद साहिन अली र नेपालकै अजय घर्तीलाई हराउँदै फाइनलमा यात्रा तय गरेका हुन् । फाइनलमा पनि उनी हाबी भए । यसै विधामा अजय घर्ति र रोनक राउत तेस्रो भए । सब जुनियर महिला यु-२६ केजी तौलसमूहमा आयोजकका साहिल मन्सुरले नेपालकै अभिमन्यु गजुरेललाई हराउँदै स्वर्ण जिते ।

यसै विधामा भारतका अर्ष सोफियन कुरेस र नेपालका सुर्यान्सजंग न्यौपाने कास्य जित्न सफल भए । सब जुनियर महिला २५ केजीमा दीपान्सी बायादीले स्वर्ण जितिन् । उनले फाइनलमा सार्वाना क्षेत्रीलाई हराइन् । यस तौलमा आत्मिका लिम्बू र चिरागी बस्याल कास्य पदकमा नै सीमित भए । पुरुष सिनियर ५८ केजीमा नेपालका राजन लामाले स्वर्ण जिते । उनले फाइनलमा नेपालकै मोहमेद हुसेलाई हराए । यस विधामा नेपालकै कमल खड्का र अन्सुल परियारले कास्य पदक पाए । सब जुनियर पुरुष २८ केजी तौलमा नेपालका सुप्रिम गुरुङले फाइनलमा नेपालकै सलिन अधिकारीलाई हराए ।

पुरुष ५८ केजी तौलसमूहमा नेपालका मोहम्मद हुसेनले स्वर्ण जिते । उनले फाइनलमा रोजन लामालाई हराए । महिला ४६ केजीमुनि नेपालकी दीक्षा तामाङले स्वर्ण जितिन् । उनले स्वर्णको प्रतिस्पर्धामा नेपालकै रस्मिका गुरुङलाई हराइन् । यस तौलमा प्रकृति मल्ल र अञ्जली चौधरी स्वर्ण जिते । पुरुष पुम्से (१०-११ वर्षको समूह) कियानराज कटुवालले स्वर्ण, समर्थ केसी रजत तथा श्रवण गुरुङ र रयान अर्यालले कास्य जिते । कियानले ६.९९ अंक र समर्थले ६.७१६ अंक ल्याए । यसै उमेरसमूहको महिलामा बितिशा तामाङले स्वर्ण जितिन् । उनले सर्वाधिक ७.३४ अंक ल्याइन । एरिक न्यौपानेले ६.९३३ अंक प्राप्त गर्दै रजत जितिन् ।

यसै विधामा राज्वी श्रेष्ठ र मालाश्री महर्जनले कास्य जिते । १४ देखि १४ वर्ष उमेरसमूहको पुम्सेमा नेपालकी रेवा काफ्लेले स्वर्ण र मुना थापाले रजत पदक जितिन् । रेवाले ६.९६६ र मुनाले ६.५९ अंक ल्याए । पुरुष १५ देखि १७ वर्ष उमेरसमूहमा बिसु राईले स्वर्ण, सचिन विकले रजत जित्दा अस्बिन लामा र शान केसीले कास्य पदक जितेको आयोजक चितवन जिल्ला तेक्वान्दो डोजाडका प्रमुख रोशन खानले जानकारी दिए । च्याम्पियनसिपमा पुम्से र ग्योरोगी विधाअन्तर्गत विभिन्न उमेर तथा तौलसमूहमा प्रतिस्पर्धा हुँदैछ । नेपालसहित भारत, माल्दिभ्स, मलेसिया, अस्ट्रेलिया, बंगलादेश, सिंगापुर, साउदी अरेबिया र जापानलगायतका करिब आठ सय खेलाडीले प्रतियोगितामा प्रतिस्पर्धा गर्ने अन्तर्राष्ट्रिय संयोजक अशोक खड्काले जानकारी दिए ।

टिम च्याम्पियनले ५० हजार रुपैयाँ, दोस्रो हुनेले ३० हजार र तेस्रो हुने टोलीले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताका संयोजक प्रज्वल दवाडीले ग्यरोगीतर्फ सब जुनियर (९-११ वर्ष), क्याडेट (१२-१४ वर्ष), जुनियर (१५-१७ वर्ष) र सिनियर (१८ वर्षमाथि) तथा पुम्सेमा गरी कुल ६४ स्वर्ण, ६४ रजत र १२८ कास्य पदकका लागि प्रतिस्पर्धा हुने बताए ।

तेस्रो नेपालगन्ज अन्तर्राष्ट्रिय स्विमिङ च्याम्पियनसिप सुरु



नेपालगन्ज/मस- नेपालगन्ज स्विमिङ क्लबको आयोजनामा नबिल बैंक तेस्रो नेपालगन्ज अन्तर्राष्ट्रिय स्विमिङ च्याम्पियनसीप नेपालगन्जमा सुरु भएको छ । नेपालगन्ज उपमहानगरपालिका नगर प्रमुख प्रशान्त विष्टले शनिबार प्रतियोगिताको उद्घाटन गरेका हुन् । नगर प्रमुख विष्टले खेलकुदको विकासका लागि उपमहानगरपालिका प्रतिबद्ध रहेको बताए ।

दुईदिने प्रतियोगिताको शनिबार दिउँसो ३ बजेसम्म १७ वटा इभेन्ट सम्पन्न भएकोमा ललितपुरको सगरमाथा स्विमिङ क्लबले ११ वटा स्वर्ण पदक जितेर अग्रता लिएको छ । नयाँ दिल्ली भारतको इलाइट स्विमिङ एकेडेमीले ४ स्वर्ण, ललितपुरको रातो बंगला र मपिल क्यानेडिन स्कुल काठमाडौं १-१ स्वर्ण जितेर तेस्रो स्थानमा छन् । अन्डर ८ देखि अन्डर १७ तथा ओपन अर्थात् १७ वर्षभन्दा बढी उमेरका खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन् । खेलाडीहरूका बीचमा फ्रि स्टाइल, बेस्टस्ट्रोक, ब्याकस्ट्रोक, बटरफ्लाइ, रिले र व्यक्तिगत मेडले गरी ६ छुट्टाछुट्टै विधाका ८० वटा इभेन्टमा प्रतिस्पर्धा भइरहेको छ । शनिबार केही प्रतियोगिताको हिट चरण सम्पन्न भइ आइतबार फाइनल प्रतिस्पर्धा हुनेछ ।

नेपाल स्विमिङ एसोसियसनसँग सहकार्य गरेर आयोजन भएको नेपालगन्ज अन्तर्राष्ट्रिय स्विमिङ च्याम्पियनसिपमा देशका सबै प्रदेशका साथै भारतको दिल्ली र लखनउबाट गरी १५० जना खेलाडीहरू सहभागी भएका छन् ।

च्याम्पियनसिपलाई नबिल बैंकले टाइटल स्पोन्सर गरेको छ । स्विमिङलाई प्रवर्धन गर्ने उद्देश्यले नेपालगन्जका स्विमिङ खेलप्रेमी उद्योगी, व्यवसायी, डाक्टर, इन्जिनियर, कानुन व्यवसायी, चार्टर एकाउन्टेन्ट, सञ्चारकर्मीलगायत नागरिक समाजका अगुवाहरूको पहलमा गठन गरिएको लुम्बिनी प्रदेशकै पहिलो स्विमिङ क्लब हो ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०४/१७ मा दर्ता भएको **दर्ता नं. ७४६९४** को **स्पोर्टस वर्ल्ड प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ५८४१४१७७५४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०८/०३ मा दर्ता भएको **दर्ता नं. ४९१२८** को **बाउण्ड एक्सप्रेस कुरियर एण्ड कार्गो प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ५८४१४१७७५४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०४/१७ मा दर्ता भएको **दर्ता नं. ७४६९४** को **स्पोर्टस वर्ल्ड प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ५८४१४१७७५४

कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Metta International Pvt. Ltd. (श्रम इजाजत पत्र नं. ५३०/०६१/०६२)** मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे/गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

S.N.	Name	Post	Citizenship No.
1	Yub Raj Dhungana	Embassy Representative	69-01-70-00502

Metta International Pvt. Ltd. श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोन: ४११५२६९, ४११५२६७.
Email- mettaint5@gmail.com, info@mettaint.com, Web.: www.mettaint.com

हिमालयन एग्रिकल्चर नलेज एण्ड इन्फरमेशन नेटवर्क (मुनाफा वितरण नगर्ने) को हकदावी गर्न आउने बारे ३५ दिने सुचना

दोस्रो पटक प्रकाशित मिति ३०८३/०७/१५

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको श्री **हिमालयन एग्रिकल्चर नलेज एण्ड इन्फरमेशन नेटवर्क (मुनाफा वितरण नगर्ने) (दर्ता नं.१८११७६)** को मिति २०८३/०७/१३ गतेको विषेश सभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोहि कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क गर्नु हुँन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडि बढाइ दर्ता खारेजी गरिने छ ।

लिक्वीडेटर : माधव कुवँर, प्रमाणपत्र नं.: ४४६
सम्पर्क नं.: ५८५१०३२८७१, ठेगाना : का.जि.का.म.न.पा., काठमाडौं

जग्गा बिक्री सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित सूचना २०८३/०७/१५

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता कायम रहेको **ओनिक होल्डिङ्ग्स लिमिटेड (प.लि. दर्ता नं. १५३६४४/०७३/०७४)** को नाममा चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०२ (साविक चैनपुर गा.वि.स. वडा नं. ०८) मा रहेको कित्ता नं. ६१५ क्षेत्रफल ६६०.३३ वर्ग मिटर र किता नं. ७८५ क्षेत्रफल ३५१४.३३ वर्ग मिटर जग्गा बिक्रीमा रहेकोले जग्गा खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित मोबाइल नम्बर र इमेल ठेगानामा सम्पर्क गर्नुहोला ।

ओनिक होल्डिङ्ग्स लिमिटेड (साविकः ओभरसिज नेपालिज इन्भेष्टमेन्ट कम्पनी (लि.)
काठमाडौं - २९, अनामनगर
फोन नं. ९८४५७४६३७४
इमेलः - oninvestmentltd@gmail.com

निक्षेप उपर हक्कदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

भैमान राईको नाति, फिन्जु राईको छोरा, सोलुखुम्बु जिल्ला, माप्य दुधकोशी गा.पा. वडा नं. ५ बस्ने, यस बैंकको सल्लेरी शाखा कार्यालयको खातावाला चन्द्र बहादुर राईको मिति २०८३/०२/०६ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती नाचि राईले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक वाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९००६८४, ४२१६०००
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

निक्षेप उपर हक्कदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

पुर्षोत्तम अर्यालको नाति, दुर्गा प्रसाद अर्यालको छोरा, पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ९ बस्ने, यस बैंकको बुटवल-मिलनचोक शाखा कार्यालयको खातावाला दीपक अर्यालको मिति २०८२/१२/११ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती संगिता कुमारी शर्मा सुवेदीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक वाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९००६८४, ४२१६०००
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

अर्थ वाणिज्य
www.madhyanhadaiy.com
गा.हु.का.द.नं. ३३/०६९/०७०
१५ कार्तिक २०८३ आइतबार
1 November 2026 Sunday



वर्षाले धानबालीमा क्षति

काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका-१२, शङ्खमा निरन्तर वर्षाका कारण खेतमै ढलेको धानबाली । धानबाली पाकेर भित्र्याउने तयारीमा रहेकोमा प्रतिकूल मौसमका कारण किसानलाई धान भित्र्याउन समस्या भएको छ । **तस्बिर : सनम सुवाल/रासस**

भरतपुरले तीन महिनामा संकलन गऱ्यो सात अर्ब १३ करोड राजस्व

चितवन/मस– आन्तरिक राजस्व कार्यालय भरतपुरले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा सात अर्ब १३ करोड ७६ लाख ८० हजार रुपैयाँ राजस्व संकलन गरेको छ । कार्यालयले असोज मसान्तसम्म सात अर्ब ५० करोड चार लाख ६८ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकामा लक्ष्यको ९५ दशमलव १६ प्रतिशत प्रगति हासिल गरेको हो । तीन महिनामा सङ्कलित राजस्व वार्षिक लक्ष्यको २० दशमलव ४५ प्रतिशत हो ।

कार्यालयका सूचना अधिकारी रामकुमार अधिकारीका अनुसार चालु आर्थिक वर्षमा ३४ अर्ब ९० करोड ६३ लाख ३१ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएको छ । यसमध्ये आयकरतर्फ चार अर्ब ४८ करोड ६५ लाख ५२ हजार रुपैयाँ, मूल्य अभिवृद्धि करतर्फ तीन अर्ब ३९ करोड ३८ लाख ८३ हजार रुपैयाँ र अन्तःशुल्कतर्फ २६ अर्ब



७० करोड ६८ लाख ७६ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य छ ।

त्यसैगरी घरभाडातर्फ पाँच करोड ८८ लाख १३ हजार रुपैयाँ र ब्याज आम्दानीतर्फ २३ करोड पाँच लाख १२ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेको उनले जानकारी दिए । यसबाहेक अन्य शीर्षकबाट दुई करोड ९७ लाख पाँच हजार राजस्व संकलन गर्ने लक्ष्य रहेको छ । गत आर्थिक वर्षको पहिलो तीन महिनामा पाँच अर्ब ९३ करोड ९२ लाख तीन हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा पाँच अर्ब ७१ करोड ४५ लाख ४९ हजार रुपैयाँ सङ्कलन भएको थियो ।

चालु आवको पहिलो तीन महिनामा गत वर्षको सोही अवधिको तुलनामा एक अर्ब ४२ करोड ३१ लाख ३१ हजार रूपैयाँ अर्थात् २४ दशमलव ९० प्रतिशत बढी राजस्व सङ्कलन भएको सूचना अधिकारी अधिकारीले जानकारी दिए । चालु आवको असोज मसान्तसम्म आयकरतर्फ ६७ करोड २१ लाख ७७ हजार रुपैयाँ सङ्कलन गर्ने लक्ष्य रहेकामा ८४ करोड २१ लाख १५ हजार सङ्कलन रुपैयाँ भएको छ। यो लक्ष्यको १२५ दशमलव २८ प्रतिशत हो । त्यस्तै मूल्य अभिवृद्धि करतर्फ रु ७२ करोड ६९ लाख २७ हजार रुपैयाँ सङ्कलन गर्ने लक्ष्य रहेकामा ७३ करोड ३९ लाख ७९ हजार रुपैयाँ अर्थात् लक्ष्यको १०० दशमलव ९७ प्रतिशत सङ्कलन भएको छ । अन्तःशुल्कतर्फ छ अर्ब एक करोड ६७ लाख ९६ हजार रुपैयाँ सङ्कलन गर्ने लक्ष्य रहेकामा पाँच अर्ब ४९ करोड १३ लाख ३० हजार रुपैयाँ अर्थात् लक्ष्यको ९१ दशमलव २७ प्रतिशत प्रगति भएको कार्यालयले जनाएको छ ।

'जलवायुजन्य जोखिमको असर विश्वभर फैलिन सक्ने'

मध्यान्ह संवाददाता
काठमाडौं, १४ कार्तिक

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री विराज भक्त श्रेष्ठले संयुक्त राष्ट्रसंघको उच्चस्तरीय क्षेत्रीय मञ्चबाट नेपालले भोगेको जलवायु विपदबारे विश्व समुदायको ध्यानाकर्षण गराएका छन् । संयुक्त राष्ट्रसंघीय एशिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग (यूएन ईएससीएपी) र थाइल्याण्ड सरकारको संयुक्त आयोजनामा बैंककमा आयोजित 'दिगो विकासका लागि अन्तरिक्ष प्रविधिको उपयोगसम्बन्धी पाँचौं मन्त्रीस्तरीय सम्मेलन'मा मन्त्री श्रेष्ठले नेपालले हालै भोगेको शृंखलाबद्ध जलवायु विपद्, त्यसले पुऱ्याएको अपूरणीय क्षति र हिमाली क्षेत्रको उत्थानशीलताका लागि आवश्यक अन्तर्राष्ट्रिय सहकार्यबारे विश्व समुदायको ध्यानाकर्षण गराए । सम्मेलनमा उपाध्यक्षको हैसियतमा मुख्य सत्रहरू सञ्चालन गर्नुका साथै मन्त्री श्रेष्ठले नेपालको तर्फबाट उच्चस्तरीय सम्बोधन, विशेष संवाद र द्विपक्षीय भेटघाट गरेको उर्जा मन्त्रालयले जनाएको छ ।

पाँचौं मन्त्रीस्तरीय सम्मेलनको उद्घाटन तथा विषयगत सत्रहरूलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले हालै नेपालको भोटेकोशी, त्रिशूली र बूढीगण्डकी नदी क्षेत्रमा आएको बाढी, पहिरो तथा विपद्ले पुऱ्याएको मानवीय, भौतिक तथा पूर्वाधार क्षेत्रको क्षतिको विवरण प्रस्तुत गरेका थिए । हिमाली क्षेत्रमा उत्पन्न हुने जलवायुजन्य जोखिमहरू नदी प्रणाली हुँदै तल्लो तटीय क्षेत्र र सीमापारसम्म फैलिन सक्ने बताउँदै मन्त्री श्रेष्ठले यसलाई



केवल एउटा देशको समस्याका रूपमा नभई समग्र क्षेत्रीय प्रणालीगत जोखिमका रूपमा लिनुपर्नेमा जोड दिए । हिमनदी, हिमताल, अस्थिर पहाडी भूभाग र नदी प्रणालीको नियमित अनुगमनका लागि भूउपग्रह, भूस्थानिक विश्लेषण र कृत्रिम बुद्धिमत्ताको उपयोग बढाउनुपर्ने बताए ।

जोखिमको समयमै पूर्वानुमान गरी समुदायसम्म पुग्ने प्रभावकारी बहुप्रकोपी पूर्वसूचना प्रणाली विकासका लागि प्राविधिक सहकार्य, संयुक्त अनुसन्धान र राष्ट्रिय क्षमता अभिवृद्धिमा जोड दिए । मन्त्री श्रेष्ठले प्रधानमन्त्री वालेन्द्र शाहद्वारा प्रस्तावित ' हिमालय जलवायु उत्थानशीलता संयन्त्र' लाई संयुक्त अनुसन्धान, तथ्यांक आदानप्रदान र समन्वित पूर्वसूचनामार्फत व्यावहारिक रूपमा अघि बढाउन विश्व समुदायलाई आह्वान गरे ।

विपद्को कठिन समयमा भोटेकोशी विपद्को कारण पहिचान तथा विश्लेषण गर्नका लागि समयमै भूउपग्रह तस्बिर र प्राविधिक सूचना उपलब्ध गराएकोमा मन्त्री श्रेष्ठले यूएन ईएससीएपीलाई विशेष धन्यवाद ज्ञापन गरे ।

'सगरमाथादेखि समुद्रसम्म' उच्चस्तरीय क्षेत्रीय संवाद

बैंककमा नेपालले यूएन ईएससीएपीको साझेदारीमा संयुक्त राष्ट्रसंघ सम्मेलन केन्द्रमा 'सगरमाथादेखिसमुद्रसम्म: एशिया तथा प्रशान्त क्षेत्रमा शृंखलाबद्ध विपद्प्रतिको उत्थानशीलता सुदृढ गर्न नेपालको भोटेकोशी-त्रिशूली विपद्बाट सिकिएका पाठ' विषयक उच्चस्तरीय क्षेत्रीय संवाद आयोजना गरेको थियो । उक्त कार्यक्रममा विभिन्न देशका मन्त्रीहरू, उच्च सरकारी अधिकारीहरू, कूटनीतिक प्रतिनिधिहरू, संयुक्त राष्ट्रसंघ तथा क्षेत्रीय संस्थाका प्रतिनिधि, वैज्ञानिक र अनुसन्धानकर्ता गरी ३०० भन्दा बढीको सहभागिता थियो ।क्षेत्रीय संवादमा मन्त्री श्रेष्ठले विपद्को अनुगमन, पूर्वतयारी, अनुकूलन र हानि-नोक्सानीको सम्बोधनका लागि समयमै उपलब्ध हुने, अनुमानयोग्य, सहज पहुँचयुक्त र अनुदानमा आधारित वित्तीय सहयोगको आवश्यकता औंल्याए । वन, जलाधार र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गर्ने स्थानीय समुदायले आफ्नो योगदानको न्यायोचित प्रतिफल पाउनुपर्ने बताउँदै स्वच्छ ऊर्जा, दिगो कृषि, जडीबुटी, वन पैदावार र जिम्मेवार पर्यटनमार्फत हिमाली क्षेत्रको हरित अर्थतन्त्र सुदृढ गर्न लगानी र प्रविधि हस्तान्तरणको माग गरे । भुटानका परराष्ट्रमन्त्री दिना नाथ ढुङ्याल, श्रीलंकाका स्वास्थ्य तथा आमसञ्चारमन्त्री डा. नलिन्दा जयतिस्सा लगायत सामोआ, किर्गिस्तान र फिजीका प्रतिनिधिहरूले नेपालप्रति समवेदना र ऐक्यबद्धता व्यक्त गर्दै सीमापार सूचना आदानप्रदान र जोखिमअनुकूल लगानीमा सहकार्यको प्रतिबद्धता जनाए ।

यसैगरी बैंककस्थित एशियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआईटी), नेपाली राजदूतावास र नेपाल सरकारको संयुक्त आयोजनामा 'अनुसन्धान, नवप्रवर्तन र साझेदारीमार्फत एशियामा विपद् उत्थानशीलता अभिवृद्धि' विषयक विशेष संगोष्ठीमा प्रमुख वक्ताका रूपमा मन्त्री श्रेष्ठले भोटेकोशी-त्रिशूली क्षेत्रको पुनर्निर्माणलाई सुरक्षित बस्ती, उत्थानशील पूर्वाधार, सुरक्षित जलविद्युत् आयोजना र दिगो जीविकोपार्जनसहितको 'नमुना हिमाली विकास' का रूपमा अघि बढाउने नेपालको सोच रहेको बताए । उनले नेपालमा एआईटी केन्द्र स्थापना गर्ने अवधारणालाई मूर्तरूप दिन नेपाल सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी दिए । मन्त्री श्रेष्ठले दक्ष जनशक्ति विकास, प्राविधिक हस्तान्तरण र हरित अर्थतन्त्र प्रवर्द्धनका लागि एआईटीसँगको साझेदारी विस्तार गर्न प्रस्ताव गरे ।

फूल आयतमा रोक लगाएपछि व्यावसायिक फूलखेतीमा किसानको आकर्षण

बाँके/रासस– भारतीय फूल आयतमा रोक लगाएसँगै बाँकेमा व्यावसायिक फूलखेतीमा किसानको आकर्षण बढ्दै गएको छ । नेपालगञ्ज, कोहलपुर, खजुरा र जानकी गाउँपालिकामा किसानले यो वर्ष व्यावसायिक फूल खेती गरेको फ्लोरी कल्चर एसोसिएसन नेपालकी केन्द्रीय सदस्य तथा नेपालगञ्जकी पुष्प व्यवसायी बिन्दु चर्तीमगरले बताए । नेपालगञ्ज उपमहानगरपालिका-२० निवासी बिन्दुले व्यावसायिक फूलखेती गर्न थालेको करिब एक दशक भयो । अन्य समयको तुलनामा तिहारमा फूलको माग धान्नै नसकिने उनको अनुभव छ । जिल्लामा व्यावसायिक फूलखेती गर्ने किसानको सङ्ख्या वर्सेनि बढ्दै गएको छ । मौसमी बाहेक विवाहमा सजाउन, उपहार दिन, विभिन्न सभा तथा गोष्ठीलगायतमा फूलको प्रयोग बढेपछि फूलको माग बढेको उनको भनाइ छ ।

'फूलसँग खेल्ने मेरो सानैदेखिको सौख थियो, जिल्लामा फूलको माग धेरै भएकाले मेरो आकर्षण बढ्यो', बिन्दुले भनिन्, 'यो व्यवसाय सुरु गर्दा कम लगानीले पुग्ने र बजार पनि राम्रो भएकाले सुरु गरेँ, आम्दानी



सन्तोषजनक छ ।' बिन्दुले १० कट्ठा क्षेत्रफलबाट सुरु गरेको फूलखेती हाल दुई बिघा क्षेत्रफलमा फैलिएको छ । सयपत्रीअन्तर्गत टेनिस बल, कलकत्ते र ग्ल्याडोलस जातका फूल लगाएको चर्तिमगरले बताइन । स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न भारतबाट आउने प्लास्टिकका फूल तथा मालालाई बन्देज लगाउनुपर्ने उनको भनाइ छ । नेपालगञ्जका तीन युवा सुभाषजङ्ग शाह, कीर्तीराज दीक्षित र सुशीलकुमार मौर्यले बाँकेको नरैनापुर गाउँपालिका-५ मटेहियामा दुई बिघा क्षेत्रफलमा यो वर्षदेखि सयपत्री फूलको व्यावसायिक खेती सुरु गरेका छन् ।

फरक-फरक पेशा तथा व्यवसायमा आबद्ध उनीहरूले सामूहिक रूपमा गरेको व्यावसायिक फूलखेतीमा अहिले सयपत्री फूल फुलेर ढकमक्क भएको छ । तिहारलाई लक्षित गरी उत्पादन गरिएको सयपत्री फूलको बिक्री सुरु भइसकेको सुभाषजंग शाहले बताए । 'नेपालगञ्जमा फूलको मागलाई लक्षित गरी खेती सुरु गरेका हौं, चाँडै सहरका मुख्य चोकमा स्टल राखेर फूल तथा माला बिक्री गर्ने तयारी गरिरहेका छौं,' शाहले भने, 'फूल तयार भइसकेको छ, ग्राहकको सुविधाका लागि होम डेलिभरी सेवा पनि दिइरहेका छौं ।'

स्थानीयस्तरमै फूल उत्पादन गरी बजारमा बिक्री गर्ने प्रयासले तिहारमा बाहिरबाट आउने फूलको विकल्प तयार हुँदै गएको कृषि ज्ञान केन्द्र बाँकेकी सूचना अधिकारी सुजिता शर्माले बताइन् । निर्वाहमुखी फूल लगाउँदै आएकोमा पछिल्लो केही वर्षयता बाँकेमा व्यावसायिक रूपमा फूलखेती गर्ने किसानको संख्या बढ्दै गएको उनले जानकारी दिइन् ।

एनएमबी बैंकको नाफा १ अर्ब १६ करोड



काठमाडौं/मस– एनएमबी बैंक लिमिटेडले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासमा १ अर्ब १६ करोड रुपैयाँ खुद नाफा कमाएको छ । यो गत आर्थिक वर्षको सोही अवधिमा तुलनामा २७.११ प्रतिशतले बढी हो । पहिलो त्रैमासमा बैंकको कर्जा तथा निक्षेप दुवै बढेको छ । बैंकको कुल कर्जा ८ अर्ब ९ करोड रुपैयाँले वृद्धि भई २ खर्ब ७६ अर्ब ४ करोड रुपैयाँ पुगेको छ । त्यस्तै, कुल निक्षेप ६ अर्ब ३ करोड रुपैयाँले बढेर ३ खर्ब २४ अर्ब रुपैयाँ पुगेको छ । बैंकको सञ्चालन नाफा २६.१७ प्रतिशतले बढेर १ अर्ब ८९ करोड रुपैयाँ पुगेको छ ।

किसान कल्याण सहकारीद्वारा एक सय जनाभन्दा बढी सम्मानित

इटहरी/मस– किसान कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो ३१औं स्थापना दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ । स्थापना दिवसका अवसरमा संस्थाले सहकारी, सञ्चार, कृषि, शिक्षा तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति, सदस्य, कर्मचारी र संस्थाहरूलाई २३ विधामा नगद पुरस्कारसहित सम्मान तथा पुरस्कृत गरेको छ । संस्थाका अध्यक्ष शालिकराम ढकालको अध्यक्षता तथा नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेड (नेफ्स्कुन)का अध्यक्ष चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । कार्यक्रममा विभिन्न विधामा १०० जनाभन्दा बढी सदस्य, कर्मचारी तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरू सम्मानित एवं पुरस्कृत भएका थिए । स्थापना दिवसकै अवसरमा कृषकले उत्पादन गरेका कृषि उपज तथा सामग्रीहरूको प्रदर्शनीसमेत आयोजना गरिएको थियो। प्रदर्शनीमार्फत स्थानीय उत्पादन, कृषकको सीप, श्रम र उद्यमशीलतालाई प्रोत्साहन गर्नुका साथै कृषि क्षेत्रका सम्भावना र उत्पादनको बजारीकरणबारे समेत जानकारी गराइएको थियो ।



कार्यक्रममा पूर्व क्षितिज प्रकाशन प्रा.लि.द्वारा सञ्चालित ब्लास्ट टाइम्स राष्ट्रिय दैनिकका सञ्चालक सुनील अधिकारीलाई युवा सञ्चार उद्यमीका रूपमा नगदसहित सम्मान गरिएको छ । लामो समयदेखि सञ्चार क्षेत्रमा क्रियाशील अधिकारीले मिडिया उद्यममार्फत समाज, समुदाय र राष्ट्रप्रतिको दायित्व निर्वाह गर्दै आएको योगदानको कदरस्वरूप उनलाई सम्मान गरिएको हो । किसान कल्याण सहकारी संस्था र ब्लास्ट टाइम्स राष्ट्रिय दैनिकको व्यावसायिक यात्रा पनि लगभग एउटै कालखण्डमा प्रारम्भ भएको संयोग छ । समान समयावधिमा स्थापना भएका दुवै संस्थाले आ-आफ्नो क्षेत्रमा संस्थागत पहिचान र विश्वास स्थापित गर्दै अघि बढिरहेको सन्दर्भमा अधिकारीलाई प्रदान गरिएको सम्मानलाई थप अर्थपूर्ण रूपमा हेरिएको छ ।

त्यसैगरी, आर्थिक वर्ष २०८२/०८३ को कार्यसम्पादन मूल्यांकनका आधारमा उत्कृष्ट कर्मचारी पुरस्कारबाट रमेश खतिवडा, दीक्षा भट्टराई र कमला भण्डारी सम्मानित भएका छन् । संस्थाको सेवा प्रवाह, कार्यसम्पादन र संस्थागत विकासमा पुऱ्याएको योगदानको मूल्यांकन गर्दै उनीहरूलाई पुरस्कृत गरिएको हो ।

सहकारी अभियानमा उल्लेखनीय योगदान पुऱ्याएबापत ताराबहादुर काफ्लेलाई सहकारी अभियन्ता सम्मान प्रदान गरिएको छ । त्यस्तै, उत्कृष्ट सेवाकेन्द्रका रूपमा राजाबास सेवाकेन्द्र, उत्कृष्ट लघुवित्त केन्द्रका रूपमा मणिपुर केन्द्र र पञ्चायन केन्द्र (जिम्मेवारी : रमित कार्की) सम्मानित भएका छन् । रामधुनी नगरपालिका-६, सुनसरीस्थित तेह्र बालबालिका आधार भूत विद्यालयलाई उत्कृष्ट विद्यालयका रूपमा पुरस्कृत गरिएको छ ।

समारोहमा संस्थाका अध्यक्ष शालिकराम ढकालले स्थापना दिवसको शुभकामना व्यक्त गर्दै संस्थाको ३१ वर्षे यात्रामा योगदान पुऱ्याउने संस्थापक, सदस्य, सञ्चालक, कर्मचारी तथा शुभेच्छुकप्रति आभार व्यक्त गरे । त्यसैगरी, संस्थाका प्रमुख कार्यकारी अधिकृत पुष्कर बस्नेतले स्थापना दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै संस्थाको विकास र विस्तारमा योगदान पुऱ्याउने सम्पूर्ण सदस्य, कर्मचारी तथा सरोकारवालाप्रति धन्यवाद ज्ञापन गरे । तीन दशकभन्दा लामो यात्रामा किसान कल्याण बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरूको आर्थिक तथा सामाजिक रूपान्तरण, बचत संस्कृतिको विकास, वित्तीय पहुँच विस्तार र उद्यमशीलता प्रवर्द्धनमा काम गर्दै आएको छ ।

एभरेस्ट बैंकको नाफा १ अर्ब २५ करोड

काठमाडौं/मस– एभरेस्ट बैंकले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासमा १ अर्ब २५ करोड २७ लाख रूपैयाँ खुद नाफा गरेको छ । बैंकले सार्वजनिक गरेको अपरिष्कृत वित्तीय विवरणअनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा खुद नाफा ६.२३ प्रतिशतले बढेको हो । गत वर्षको पहिलो त्रैमासमा बैंकले १ अर्ब १७ करोड ९२ लाख रूपैयाँ खुद नाफा गरेको थियो । समीक्षा अवधिमा बैंकको खुद ब्याज आम्दानी भने घटेको छ । गत वर्षको पहिलो त्रैमासमा २ अर्ब ४० करोड ३८ लाख रूपैयाँ रहेको खुद ब्याज आम्दानी चालु आर्थिक वर्षको सोही अवधिमा २ अर्ब ३७ करोड १४ लाख रूपैयाँमा झरेको छ । बैंकको ब्याज आम्दानी ५ अर्ब ३० करोड ९३ लाख रूपैयाँबाट घटेर ४ अर्ब ९५ करोड ६५ लाख रूपैयाँमा सीमित भएको छ । यता ब्याज खर्च पनि २ अर्ब ९० करोड ५४ लाख रूपैयाँबाट घटेर २ अर्ब ५८ करोड ५१ लाख रूपैयाँमा झरेको छ । बैंकको कुल सञ्चालन आम्दानी ३ अर्ब ११ करोड ३७ लाख रूपैयाँबाट बढेर ३ अर्ब २२ करोड ९५ लाख रूपैयाँ पुगेको छ । बैंकको सञ्चालन नाफा पनि १ अर्ब ६८ करोड ५५ लाख रूपैयाँबाट



बढेर १ अर्ब ७८ करोड ९७ लाख रूपैयाँ पुगेको छ । बैंकको कुल निक्षेप ३ खर्ब ३६ अर्ब ६२ करोड रूपैयाँ पुगेको छ । त्यस्तै, कर्जा तथा सापटी २ खर्ब ४४ अर्ब ६१ करोड रूपैयाँ रहेको छ । बैंकको चुक्ता पुँजी १४ अर्ब ४० करोड ७४ लाख रूपैयाँ र जगेडा तथा सञ्चित कोष २० अर्ब २५ करोड रूपैयाँ रहेको छ ।

सुरक्षित यात्रा गरौं ।

- सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।



दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**